# पहिलो अध्याय

# विषय–परिचय

## १.१ शीर्षक

प्रस्तुत अध्ययनपत्रको शीर्षक **रिभान तथा लाहाचोक क्षेत्रमा प्रचलित भजनहरूको सङ्कलन र अध्ययन** रहेको छ ।

## १.२ प्रयोजन

प्रस्तुत अध्ययनपत्र नेपाली विषयको स्नातकोत्तर तह दोस्रो बर्षको दसौँ पत्र (५४०-६) को प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

प्रस्तुत अध्ययनपत्रका मुख्य समस्याकथन भनेका तिनवटा छन् । ती तिनवटा समस्याकथनलाई यहाँ बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) भजनको सैद्धान्तिक स्वरूप के हो ?

(ख) रिभान तथा लाहाचोक क्षेत्रमा प्रचलित भजनहरू केकस्ता छन् ?

(ग) रिभान तथा लाहाचोकमा प्रचलित भजनलाई कसरी विश्लेषण गर्न सकिन्छ ?

## १.४ उद्देश्य

प्रस्तुत अध्ययनपत्रका मुख्य उद्देश्य तिनवटा छन् । ती तिनवटा उद्देश्यलाई यहाँ बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) भजनको सैद्धान्तिक स्वरूप निर्धारण गर्नु ।

(ख) रिभान तथा लाहाचोक क्षेत्रमा प्रचलित भजनहरू सङ्कलन गर्नु ।

(ग)रिभान तथा लाहाचोक क्षेत्रका भजनहरूलाई विषयवस्तु र शैलीका आधारमा विश्लेषण गर्नु ।

**१.५ पूर्वकार्यको विवरण**

भजनका बारेमा अध्ययन गरी तयार पारिएका कृतिहरू धेरै छन् । ती सबै कृतिहरू अध्ययन नगरी केही प्रतिनिधिमूलक कृतिहरूको अध्ययन गरी प्रस्तुत अध्ययनपत्रका बारेमा भजनसम्बन्धी धारणा बनाउन सजिलो हुने भएकाले यहाँ त्यस्ता कृतिहरूलाई पूर्वकार्यका रूपमा छनोट गरिएको छ । छनोट गरिएका ती कृति र तिनले भजनका बारेमा दिएका धारणाहरूलाई तिनको प्रकाशन मितिका आधारमा यहाँ क्रमशः प्रस्तुत गरिएको छ ।

(क) कुसुमाकर न्यौपाने, **पैयुँखोले लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०४४)**

कुसुमाकर न्यौपानेले त्रि.वि.नेपाली केन्द्रीय विभागमा २०४४ मा पेस गरेको प्रस्तुत स्नातकोत्तर शोधपत्रमा पर्वत जिल्लाको पैयुँखोला क्षेत्रमा प्रचलित नेपाली लोकगीतबारे चर्चा गरेका छन् । त्यस क्रममा यस शोधपत्रमा त्यहाँ प्रचलित खेली भजनका बारेमा प्रकाश पारेका छन् साथै खेली भजनलाई परिभाषित गरेका छन् अनि खेली भजनका विशेषता औंल्याएका छन् (न्यौपाने,२०४४ : २२-२३) ।

(ख) दिनबहादुर थापा, **गलकोट क्षेत्रमा प्रचलित लोकगीतहरूको सर्वेक्षण र अध्ययन (२०५०)**

दिनबहादुर थापाले त्रि.वि.नेपाली केन्द्रीय विभागमा २०५० मा पेस गरेको प्रस्तुत स्नातकोत्तर शोधपत्रमा बाग्लुङ जिल्लाको गलकोट क्षेत्रमा प्रचलित नेपाली लोकगीतबारे चर्चा गरेका छन् । त्यस क्रममा यस शोधपत्रमा त्यहाँ प्रचलित भजनलाई परिभाषित गरेका छन् साथै भजनका प्रकारलाई सोदाहरण चिनाएका छन् (थापा,२०५० : ५२-५७) ।

(ग) कुसुमाकर न्यौपाने, **पोखरेली गाइने जातिमा प्रचलित लोकसाहित्यको अध्ययन (२०५५)**

कुसुमाकर न्यौपानेले अनुसन्धान गरी तयार पारेर महेन्द्र संस्कृत विश्वविद्यालयको अनुसन्धान केन्द्र काठमाडौंमा २०५५मा पेस गरेको प्रस्तुत लघु अनुसन्धानपत्रमा भजनलाई परिभाषित गरी चिनाएका छन् । यसै क्रममा भजनका प्रकारबारे प्रकाश पारेका छन् (न्यौपाने, २०५५ : ६५) ।

(घ) राधिका मल्ल, **म्याग्दी जिल्लामा प्रचलित लोकगीतको अध्ययन** (२०५८)

राधिका मल्लले त्रि.वि.नेपाली केन्द्रीय विभागमा २०५८ मा पेस गरेको प्रस्तुत स्नातकोत्तर शोधपत्रमा म्याग्दी जिल्लामा प्रचलित नेपाली लोकगीतबारे चर्चा गरिएको छ । त्यस क्रममा यस शोधपत्रको पाँचौं अध्यायमा **भजन गीतको विश्लेषण** उपशीर्षक राखी त्यहाँ प्रचलित भजनलाई प्रस्तुती, विषयवस्तु र भाव, साहित्यिक विशेषता, लय अनि संरचना र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ (मल्ल, २०५८ : १०६-११३) ।

(ङ) कुसुमाकर न्यौपाने, **धवलागिरि अञ्चलमा प्रचलित लोकगीत : एक अध्ययन** (२०६०)

कुसुमाकर न्यौपानेले विश्वविद्यालय अनुदान आयोगमा २०६० मा पेस गरेको प्रस्तुत लघुअनुसन्धानपत्रमा धवलागिरि अञ्चलमा प्रचलित विभिन्न प्रकारका नेपाली लोकगीतको रेखाङ्कन गर्दै ती प्रत्येक गीतको परिचय, तिनका विशेषता, प्रकार र संरचनाबारे चर्चा गरेका छन् । त्यस क्रममा त्यहाँ प्रचलित भजनको परिचय, भजनका विशेषता, भजनका प्रकार र संरचनाबारे चर्चा गरेका छन् ( न्यौपाने,२०६० : ५२-५३) ।

(च) रामजीप्रसाद ढुङ्गाना, **पुलाक्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६२)**

रामजीप्रसाद ढुङ्गानाले त्रि.वि.पृथ्वीनारायण क्याम्पस पोखराको नेपाली विभागमा २०६२ मा पेस गरेको प्रस्तुत स्नातकोत्तर शोधपत्रमा म्याग्दी जिल्लाको पुला क्षेत्रमा प्रचलित लोकगीतका बारेमा चर्चा गरेका छन् । त्यस क्रममा भजनको व्युत्पत्ती, भजनको परिभाषा उल्लेख गर्दै भजनका प्रकारका बारेमा प्रकाश पारेका छन् (ढुङ्गाना, २०६२ : २८-२९) । त्यस क्षेत्रमा आरति भजन, लम्बरी भजन, चुड्का भजन र आँधीखोले भजन गरी चार प्रकारका भजनबारे चर्चा गरेका छन् (ढुङ्गाना, २०६२ : २९-३०) ।

(छ) शोभा ढुङ्गाना, **थप्रेक क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०६९)**

शोभा ढुङ्गानाले त्रि.वि.पृथ्वीनारायण क्याम्पस पोखराको नेपाली विभागमा पेस गरेको प्रस्तुत स्नातकोत्तर शोधपत्रमा तनहुँ जिल्लाको थप्रेक क्षेत्रमा प्रचलित लोकगीतका बारेमा चर्चा गरेकी छन् । त्यस क्रममा त्यहाँ प्रचलित भजनबारे प्रकाश पारेकी छन् साथै भजनलाई परिभाषित गरेकी छन्, भजनका प्रकार केलाएकी छन्, भजन गाउने स्थल, भजनमा प्रयोग हुने बाजा र भजन गाउने जातिका बारेमा पनि प्रकाश पारेकी छन् (ढुङ्गाना, २०६९ : ४२) । यस्तै त्यहाँ प्रचलित आरति भजन, चुड्का भजन, रामभजन र कृष्णभजनलाई सोदाहरण चिनाएकी छन् (ढुङ्गाना, २०६९ : ४३-४६) ।

(ज) पिताम्बर भण्डारी, **पोखरेली लोकभजनहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण (२०७१)**

पिताम्बर भण्डारीले तयार पारेको प्रस्तुत कृति त्रि.वि.पृथ्वीनारायण क्याम्पस पोखराको नेपाली विभागमा २०७१मा पेस गरिएको स्नातकोत्तर शोधपत्र हो । नेपालको कास्की जिल्लाअन्तर्गत पोखरा क्षेत्रमा प्रचलित भजनमा केन्द्रित भएर तयार पारिएको यस शोधपत्रमा भजनको अर्थ, भजनको परिभाषा, भजन र भक्तिसाहित्य, भजन र कीर्तन, भजनको महत्त्व, भजनका तत्त्व, भजनका विशेषता, भजनको वर्गीकरण गरी भजनको सैद्धान्तिक पक्षका बारेमा प्रकाश पारिएको छ (भण्डारी, २०७१ : १४-२६) । यसै क्रममा पोखरा नगर क्षेत्रका बाह्रवटा भजनसमुहले गाएका भजनहरू सङ्कलन गरिएको छ (

भण्डारी, २०७१ : २८-६४) । यसरी **पोखरेली लोकभजनहरूको विश्लेषण** शीर्षक राखेर त्यस भित्र पोखरेली लोकभजनलाई विषयवस्तु र शैलीका आधारमा विश्लेषण गरिएको छ (भण्डारी, २०७१ : ६५-७१) ।

यसरी भजनका बारेमा लेखिएका यस्ता कृतिहरू प्रशस्त देखापरेका छन् । उक्त कृतिहरूले रिभान र लाहाचोकमा प्रचलित भजनबारे चर्चा गरेका छैनन् । त्यसैले उक्त क्षेत्रलाई अध्ययन क्षेत्र बनाई प्रस्तुत अध्ययनपत्र तयार गरिएको हो ।

## १.६ औचित्य

नेपालको कास्की जिल्लाअन्तर्गत पर्ने रिभान र लाहाचोक गा.वि.स.मा भजनका विभिन्न भेद पाइन्छन् । ती भजन समयको गतिसँगै हराउने अवस्थामा पुगेका छन् । कतिले नयाँ-नयाँ भजन सिर्जना गरेका छन् । ती सबै भजन सङ्कलन गरी सुरक्षित पारिएको छ साथै तिनलाई विषय र शैलीका आधारमा विश्लेषण गरी अध्ययनको मार्ग निर्धारण गरिएको छ । यस अध्ययनपत्रले उक्त क्षेत्रमा प्रचलित भजनलाई सुरक्षित तुल्याएको छ । त्यहाँका भजनेहरूलाई प्रोत्साहित गरेको छ । यस्तै भजनको अध्ययन गर्ने अध्येतालाई बाटो देखाएको छ । यिनै कारणले गर्दा यो अध्ययनपत्र औचित्यपूर्ण हुनपुगेको छ ।

## १.७ क्षेत्र र सीमा

प्रस्तुत अध्ययनपत्रको अध्ययनक्षेत्र भनेको नेपालको कास्की जिल्लाअन्तर्गत पर्ने रिभान र लाहाचोक गा.वि.स.मा प्रचलित भजनको अध्ययन गर्नु हो । त्यहाँका हिन्दु धर्मालम्बी पहाडी मूलका बाहुन र क्षेत्रीहरूले गाउने भजनको सङ्कलन गरी तिनलाई विषयवस्तु र शैलीका आधारमा विश्लेषण गरी निस्कर्ष निकाल्नु यस अध्ययनपत्रको सीमा हो ।

## १.८ विधि

प्रस्तुत अध्ययनपत्र तयार पार्ने क्रममा मुख्यतः दुईवटा विधि अपनाइएको छ । जस्तै (१) क्षेत्रीय अध्ययन विधि (२) पुस्तकालयीय अध्ययन विधि । क्षेत्रीय विधि अपनाउँदै सम्बन्धित अध्ययन स्थलमा पुगेर भजनका आदर्श श्रोता तथा गायकगायिकासँग छलफल र प्रश्नोत्तर गरिएको हो । आदर्श गायकगायिका फेला पारेपछि तिनीहरूले गाएका भजनलाई सङ्कलन सामग्रीका माध्यमबाट सङ्कलन

गरिएको हो । सङ्कलित सामग्रीलाई व्यवस्थित पारेर सन्दर्भकृतिका आधारमा विश्लेषण गरिएको हो । यसरी उक्त दुईवटा विधि अपनाई यो अध्ययनपत्र तयार पारिएको हो ।

## १.९ अध्याय विभाजन

प्रस्तुत अध्ययनपत्रलाई विभिन्न अध्यायमा विभाजन गरिएको छ । ती अध्याय र ती भित्रका शीर्षकहरू यस प्रकारका रहेका छन् :

पहिलो अध्याय : विषयपरिचय

दोस्रो अध्याय : भजनको सैद्धान्तिक स्वरूप

तेस्रो अध्याय : रिभान र लाहाचोक क्षेत्रमा प्रचलित भजनको परिचय

चौथो अध्याय : रिभान र लाहाचोक क्षेत्रमा प्रचलित भजनको विश्लेषण

पाँचौं अध्याय : निष्कर्ष

परिशिष्ट : रिभान तथा लाहाचोक क्षेत्रमा प्रचलित भजनको सङ्कलन

सन्दर्भकृति

दोस्रो अध्याय

## भजनको सैद्धान्तिक स्वरूप

### २.१ भजनको परिभाषा

लोकसाहित्यका विभिन्न विधामध्येको उर्वर विधा लोकगीत हो । यही लोकगीतको एउटा भेद भजन हो । भजन भन्नासाथ भगवान तथा भगवतीको भक्ति गरिएको गेय अभिव्यक्ति भन्ने बुझिन्छ । हुन त भगवान तथा भगवतीबाहेक मानिस एवम् अन्य पक्षको पनि भक्ति गरिएका कुरालाई भजन भन्ने गरिन्छ ।  के मानिसका बारेमा गरिएका स्तुति पनि भजन हुन सक्छन् ? यस्ता सन्देहास्पद कुरा पनि भजन शब्दले बोक्न थालेको छ । यथार्थमा भजन भनेको के हो त ? यही प्रश्नको उत्तरको खोज गर्नका निम्ति भजनका बारेमा अग्रज अध्येताले उल्लेख गरेका परिभाषाहरूलाई नियाल्नु आवश्यक हुन्छ । भजनलाई चिनाउने क्रममा प्रस्तुत गरिएका त्यस्ता परिभाषाहरूमध्येका केही परिभाषा यहाँ क्रमशः प्रस्तुत गरिंदै छ :

"भजन भन्नाले आराध्य देवताको भक्तिपरक गीत भन्ने बुझिन्छ (न्यौपाने, २०४४ : २२) ।"

"कुनै आराध्य देवीदेवताको गुणगान वा आराधना उपासनाको वर्णन गरेर गाइने गीतलाई भजन भनिन्छ (थापा, २०५० : ५२) ।"

"भगवानको भक्तिको बाहुल्य भएका गीत भजनगीत हुन् (न्यौपाने, २०५५ : ६५) ।"

"आराध्य देवीदेवताको र गुरु आदिको नाम र महिमा बारबार लिने र गाउने काम, नामकीर्तन, गुणगान । कुनै देवदेवीको गुणवर्णन गरिएको गीत (पोखरेल र अन्य, २०६० : ९३७) ।"

"भजन भन्नाले यिनै देवीदेवताको गुणदर्शन एवम् पूजाआराधना गर्दा गाइने गीत भन्ने बुझिन्छ (ढुङ्गाना, २०६२ : २८) ।"

"धार्मिक पूजाका अवसरमा गाइने भक्तिपरक गीतलाई भजन भनिन्छ (ढुङ्गाना, २०६९ : ४२) ।"

"आराध्य देवीदेवता एवम् गुरु आदिको महिमाको वर्णनयुक्त गीतिअभिव्यक्तिलाई भजन भनिन्छ (न्यौपाने, २०७० ६९) ।"

भजनका बारेमा उल्लेख गरेका उक्त परिभाषाहरूलाई अवलोकन गरेपछि भजनलाई चिन्नेचिनाउने क्रममा धेरैले औंल्याएका कुराहरूलाई यहाँ बुँदागत रुपमा प्रस्तुत गर्न सान्दर्भिक हुन्छ । धेरैले औंल्याएका साझा बुँदाहरू यस प्रकारका छन् :

(क) देवीदेवताको आराधना गर्दा गाइने गीत ।

(ख) भक्तिपरक गीत ।

(ग) आराधना गर्दा गाइने गीत ।

(घ) भक्तिपर गेय अभिव्यक्ति ।

भजनलाई चिनाउने उक्त बुँदाहरूलाई एकै ठाउँमा समेटेर भजनसम्बन्धी एउटा स्विकार्य परिभाषा बनाउन सकिन्छ । जस्तै : **देवीदेवता एवम्  आराध्य शक्तिको आराधना गर्दै गाइने भक्तिपरक गेय अभिव्यक्ति भजन हो ।**

## २.२ भजनका तत्त्व

भजन निर्माण गर्ने उपकरण वा आधारलाई भजनका तत्त्व भनिन्छ । जुन-जुन उपकरण वा आधारबाट भजन निर्मित हुन्छन् ती-ती पक्ष नै भजनका तत्त्व हुन् । त्यस्ता तत्त्व के-के हुन सक्छन् त भनेर जान्नका निम्ति भजनका तत्त्वका बारेमा पूर्व अध्येताले उल्लेख गरेका भजनका तत्त्वलाई सर्वेक्षण गर्नु आवश्यक हुन्छ । भजनका तत्त्वका बारेमा थोरै व्यक्तिले मात्र चर्चा गरेको छन् ।

पिताम्बर भण्डारीले **पोखरेली लोकभजनहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** शीर्षकको स्नातकोत्तर शोधपत्रमा भजनका तत्त्वका बारेमा चर्चा गरेका छन् । भण्डारीले संरचना, लय वा भाका, गेयता, कथनपद्धति, भाषाशैली र भक्तिभाव गरी छवटा तत्त्वलाई मुख्य तत्त्व अनि वाद्यवादन र नृत्यलाई गौण तत्त्व भनेर उल्लेख गरेका छन् (भण्डारी, २०७१ : १८-२२) ।

अध्येताले उल्लेख गरेका भजनका उल्लिखित तत्त्वलाई र भजनका पाठलाई ध्यानमा राखेर भन्ने हो भने भजनका तत्त्व किटान गर्न सकिने स्थिति देखापरेको छ । त्यसअनुसार हेर्दा भजनका तत्त्व यस प्रकारका देखिएका छन् : (१) धार्मिक सन्दर्भ (२) धार्मिक विषयवस्तु (३) भक्तिभाव (४) छन्दलय (५) भाषाशैली (६) सङ्गीत ।

### २.२.१ धार्मिक सन्दर्भ

भजन बन्नका निम्ति चाहिने एउटा महत्त्वपूर्ण तत्त्व धार्मिक सन्दर्भ हो । भजनमा बढी मात्रामा धर्मका कुरा आएका हुन्छन् । धर्म प्राप्त होस् भन्ने उद्देश्यले भजनेले भजन गाएका हुन्छन् अनि श्रोताले सुनेका हुन्छन् । त्यसैले भजन गाउनका निम्ति मठ, मन्दिर, पूजनस्थल, यज्ञस्थल, तीर्थ, गङ्गाको

किनार आदि धार्मिक स्थल आवश्यक हुन्छ । यस्तै राता वस्त्र, पहेंला वस्त्र एवम् सेता वस्त्र भजन गाउनेले लगाउँदा भजन गमिलो बन्दछ । भजन गाउँदा मृदङ्ग, खैंजडी, मजुरा, झ्याली, एकतारे, मुरली, बाँसुरी, हारमोनियम, चिम्टा लगायतका धार्मिक बाजा बजाउन उपयुक्त  हुन्छ । यस्ता सन्दर्भ मिलाएर गाएको भजन मात्र भजन बन्दछ । त्यसैले धार्मिक सन्दर्भ भजनमा नभइनहुने तत्त्व हो भनेर स्विकारिएको हो ।

### २.२.२ धार्मिक विषयवस्तु

भजनका निम्ति नभइनहुने अर्को तत्त्व विषयवस्तु हो । त्यो विषयवस्तु धार्मिक खालको हुनुपर्छ । हिन्दू धर्मसित सम्बन्ति भजनमा वेद, पुराण, रामायण, महाभारत, कृष्णचरित्र, श्रीमद्भागवत, निर्गुण, स्वस्थानी, श्रीमद्देवीभागवत, गीता आदिले उल्लेख गरेका धार्मिक विषय भजनमा कुनै न कुनै रूपमा समावेश हुनुपर्छ । यस्तै अन्य धर्मका भजनमा पनि ती धर्मसित सम्बन्धित धार्मिक विषय भित्रिएको हुनुपर्छ । यसरी धार्मिक विषयवस्तु भजनमा आयो भने मात्र त्यो गीत भजनमा परिणत हुन्छ । त्यसैले धार्मिक विषयवस्तु भजनको एउटा तत्त्व बनेर देखापरको हो ।

### २.२.३ भक्तिभाव

भजन बन्नका निम्ति चाहिने एउटा तत्त्व भक्तिभाव हो । भजनमा अनेक भाव भित्रिएका हुन्छन् । ती भावहरूलाई हेर्दा सबै भजनमा भक्तिभाव प्रबल बनेर आएको पाइन्छ । भक्ति भाव हुने भएकाले भजनेले भजन गाउँदा पनि भक्तिभावयुक्त हाउभाउ प्रस्तुत गरेका हुन्छन् । श्रोता पनि त्यही भक्तिभावका कारण लट्ठ परेका हुन्छन् । भजनको भाव भक्तिभावप्रधान हुने भएकाले भजनेले यस्ता भजन गाउन रुचि लिन्छन् । भक्तिभाव नभई अन्य भाव भयो भने त्यस्तो गीत भजन हुन सक्दैन । त्यसैले भजन बन्नका निम्ति चाहिने एउटा तत्त्व भक्तिभाव हो भनेर भनिएको हो ।

### २.२.४ छन्दलय

भजन गेय विधा हो । गाउनका निम्ति भजन छन्द एवम् लयमा आबद्ध हुनुपर्छ । छन्दमा नबाँधिएका कतिपय गद्य पनि भज बनेर देखिएका छन् । तिनलाई लयको प्रबलताका कारण छन्दात्मक तुल्याएका हुन्छन् । यस्तो अपवादमूलक कतिपय स्थिति भए पनि भजनमा छन्द हुनै पर्छ अनि लयमा

बाँधिएको हुनुपर्छ । जति पनि बाहिर आएका छन् ती कुनै न कुनै रुपमा छन्द तथा लयमा बाँधिएका हुन्छन् । यसरी छन्द तथा लयलाई भजनको एउटा तत्त्व भनेर भनिएको हो ।

### २.२.५ भाषाशैली

भजन बन्नका निम्ति नभइनहुने एउटा तत्त्व भाषाशैली हो । भाषा भएन भने भजन बन्दैन । यस्तै एउटा व्यवस्थित शैलीमा बाँधिएन भने पनि त्यो गीत भजन बन्दैन । भजनको भाषा सरल हुन्छ । लोकजीवनमा बढी प्रचलनमा आएका शब्द भजनमा भित्रिएको हुनुपर्छ । यस्तै सरल शैलीको प्रयोग भजनमा आएको हुनुपर्छ । यस्तो स्थिति भयो भने मात्र त्यो अभिव्यक्ति भजन बन्दछ । त्यसैले भजनका निम्ति नभइ नहुने एउटा तत्त्व भाषाशैली हो भनेर स्विकारिएको हो ।

### २.२.६ सङ्गीत

भजन बन्नका निम्ति नभइनहुने अर्को तत्त्व सङ्गीत हो । सङ्गीत भन्नासाथ गायन, वादन तथा नृत्य गरी तिनवटै पक्षलाई बुझिन्छ । भजन गाउन मिल्ने हुनुपर्छ । भजनलाई गाएर प्रस्तुत गर्नुपर्छ । यस्तै भजन गाउँदा धार्मिक बाजा बजाउँदा भजन गम्कन्छ । यस्तै कतिपय भजनमा व्यक्ति नाच्दछन् । यसरी भजनमा सङ्गीत समावेश भएको हुन्छ । यस्ता पक्ष समावेश भए भने त्यस्तो भजन लोकप्रिय बन्दछ । त्यसैले सङ्गीत भजनको एउटा तत्त्व बनेर चिनिएको हो ।

## २.३ भजनका प्रकार

भजन विभिन्न प्रकारका हुन्छन् । तिनलाई विभिन्न आधारमा छुट्ट्याउन सकिन्छ । त्यस कममा अध्येताहरूले भजनका प्रकार कसरी छुट्ट्याएका छन् भनेर बुझ्नु आवश्यक हुन्छ । भजनका प्रकारका बारेमा अध्ययन गरिएका केही कृतिहरू र तिनले औंल्याएका प्रकारलाई यहाँ सर्वेक्षण गरिंदै छ ।

धर्मराज थापा र हंसपुरे सुवेदीले **नेपाली लोकसाहित्यको विवेचना** शीर्षकको पुस्तकमा चार प्रकारका भजन हुन्छन् भनी औंल्याएका छन् । जस्तै : चुड्के भजन, लम्बरी भजन, आरती भजन र प्रभाती भजन (थापा र सुवेदी, २०४१ : १३३) ।

श्रीकृष्ण गौतमले **गरिमा**मा प्रकाशित “पश्चिमाञ्चलका लोकभजन र लोकगीत” शीर्षकको लेखमा भजन नौ प्रकारका छन् भनी देखाएका छन् । जस्तै : नामकीर्तन, चुड्का, निर्गुण भजन, रामायण, कृष्णचरित्र, आरती, बालन, सोरठी, मालसिरी (गौतम, २०४३ : ६२-६३ ) ।

कुसुमाकर न्यौपानेले **पैयुँखोले लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** शीर्षकको शोधपत्रमा हनुमान र गोलेनी गरी खेली भजनका दुईवटा प्रकार देखाएका छन् (न्यौपाने, २०४४ : २३) ।

दिनबहादुर थापाले **गलकोट क्षेत्रमा प्रचलित लोकगीतहरूको सर्वेक्षण र अध्ययन** शीर्षकको स्नातकोत्तर शोधपत्रमा लयका आधारमा आरती भजन, लम्बरी भजन, टप्पा(चुड्का) भजन र प्रभाती भजन गरी भजन चार प्रकारका हुन्छन् भनी चर्चा गरेका छन् (थापा, २०५० : ५३) ।

कुसुमाकर न्यौपानेले **पोखरेली गाइने जातिमा प्रचलित लोकसाहित्यको अध्ययन** शीर्षकको लघु अनुसन्धानपत्रमा निर्गुण भजन, रामभजन, कृष्णभजन, महाभारत भजन, स्वस्थानी भजन, देवीभजन गरी भजनका विभिन्न प्रकार हुन्छन् भनी औंल्याएका छन् (न्यौपाने, २०५५ : ६५) ।

कृष्णप्रसाद पराजुलीले **नेपाली लोकगीतको आलोक** नामक पुस्तकमा धर्मराज थापा र हंसपुरे सुवेदीले **नेपाली लोकसाहित्यको विवेचना** पुस्तकमा औंल्याएका वर्गीकरणका आधारमा केन्द्रित भई भजनका उदाहरण प्रस्तुत गरेर व्याख्या गरेका छन् (पराजुली, २०५७ : २५३) ।

चूडामणि बन्धुले **नेपाली लोकसाहित्य** नामक पुस्तकमा भजनलाई दुई भागमा छुट्ट्याएका छन् । जस्तै : लम्बरी भजन र चुड्का भजन (बन्धु, २०५८ : २०३५) ।

कुसुमाकर न्यौपानेले **धवलागिरि अञ्चलमा प्रचलित लोकगीत : एक अध्ययन** शीर्षकको लघु अनुसन्धानपत्रमा खेली गीतका प्रकार देखाउने क्रममा भजनलाई दुई पंक्तियुक्त एकोहोरी खेली भजन, दुई पंक्तियुक्त दोहोरी खेली भजन, तीनपंक्तियुक्त एकोहोरी खेली भजन अनि तीनपंक्तियुक्त दोहोरी खेली भजन गरी भजनलाई चारभागमा विभाजन गरेका छन् (न्यौपाने, २०६० : १६) ।

रामजीप्रसाद ढुङ्गानाले **पुलाक्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** शीर्षकको शोधपत्रमा आरतीभजन, लम्बरी भजन, चुड्का भजन र आँधीखोले भजन गरी चार प्रकारका भजन छन् भनी सोदाहरण चिनाएका छन् । यसै क्रममा चुड्का भजन र आँधीखोले भजनका एकोहोरी र दोहोरी भेद पनि छन् भनी चर्चा गरेका छन् (ढुङ्गाना, २०६२ : २९-३०) ।

शोभा ढुङ्गानाले **थप्रेक क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** शीर्षकको शोधपत्रमा तनहुँको थप्रेक क्षेत्रमा आरति भजन, चुड्का भजन, रामभजन, कृष्णभजन गरी भजनका विभिन्न भेद प्रचलित छन् भनी औंल्याएकी छन् (ढुङ्गाना, २०६९ : ४२) ।

उल्लेख गरिएका भजनका प्रकारहरू आफैमा महत्त्वपूर्ण छन् । यति हुँदाहुँदै पनि तिनले सबै भजनलाई नसमेटेको देखिएको छ । ती सबैले भजनका प्रकार औंल्याउँदा प्रस्तुत गरेका भजनका नामहरू हेरेर पनि भजनका प्रकार केलाउन सकिन्छ । माथि उल्लेख गरेका भजनका नामहरू नदोहोरिने गरी समेलेर भन्ने हो भने भजन नाम यस प्रकारका देखिएका छन् : (१) आँधीखोले भजन (२) आरति भजन (३) प्रभाती भजन (४) नामकीर्तन (५) खेली भजन (६) हनुमान भजन (७) गोलेनी भजन (८) चुड्के भजन (९) लम्बरी भजन (१०) देवीभजन (११) कृष्णभजन (१२) रामभजन (१३) महाभारत भजन (१४) निर्गुण भजन (१५) स्वस्थानी भजन (१६) बालन (१७) मालसिरी । यस्तै सोरठीलाई पनि माथि भजन भनेर औंल्याएका छन् ।

माथि उल्लेख गरिएका भजनहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । ती आधार धेरै हुन सक्छन् । तीमध्येका केही आधारहरू यस प्रकारका छन् : (क) आख्यान (ख) संरचना (ग) लय (घ) गायन समय ।

### २.३.१ आख्यानका आधारमा भजनका प्रकार

आख्यानका आधारमा भजन दुई प्रकारका हुन्छन् । जस्तै : आख्यानयुक्त भजन अनि आख्यानरहीत भजन । रामायण भजन, कृष्णचरित्र भजन, महाभारत भजन, लम्बरी भजन आदि आख्यानयुक्त भजन हुन् । नामकीर्तन भजन, आरति भजन, खेली भजन आदि आख्यानरहीत भजन हुन् ।

### २.३.२ संरचनाका आधारमा भजनका प्रकार

संरचनाका आधारमा भजन तीन प्रकारका भेटिन्छन् । जस्तै : लघु भजन, मध्यम भजन र बृहत् भजन । सानो संरचना भएका भजन लघु भजन हुन् । लघुभजनअन्तर्गत नामकीर्तन भजन, खेली, भजन, चुड्का भजन आदि पर्दछन् । आरति भजन, निर्गुण भजन आदि मध्यम आकारको संरचना भएका भजन हुन् । रामायण भजन, कृष्णचरित्र भजन, महाभारत भजन आदि बृहत् संरचना भएका भजन हुन् ।

### २.३.३ लयका आधारमा भजनका प्रकार

लयका आधारमा भजन मुख्यतः दुई प्रकारका हुन्छन् । जस्तै : ढिलो लयको भजन र छिटो लयको भजन । कुनै-कुनै भजन ढिलो लयमा गाइन्छन् अनि त्यस्ता भजनलाई ढिलो लयको भजन भनिन्छ । कुनै-कुनै भजन छिटो लयमा गाइन्छन् अनि त्यस्ता भजनलाई छिटो लयको भजन भनिन्छ ।

### २.३.४ गयन समयका आधारमा भजनका प्रकार

गायन समयका आधारमा भजन दुई प्रकारका हुन्छन् । जस्तै : बिहानको भजन र साँझको भजन । बिहानको समयमा मात्र गाउने भजनलाई बिहानको भजन भनिन्छ । बिहानको भजनअन्तर्गत प्रभाती भजन पर्दछ । साँझको समयमा मात्र गाइने भजनलाई साँझको भजन भनिन्छ । साँझको समयमा मात्र गाइने भजनअन्तर्गत सन्जे आरति पर्दछ ।

## २.४ भजनका विशेषता

लोकगीतका कतिपय अध्येताले आफूले तयार पारेका कृतिमा भजनका विशेषताका बारेमा उल्लेख गरेका छन् । भजनका विशेषताका बुँदा तयार गर्नुपूर्व अध्येताले औंल्याएका कुरालाई मनन गर्नु आवश्यक हुन्छ । औंल्याएका ती सबै विशेषताका बारेमा यहाँ चर्चा गरी साध्य हुन्न । उल्लेख गर्नै पर्ने खालका केही विशेषतालाई यहाँ चर्चा गर्नु सान्दर्भिक हुन्छ । त्यसैले यहाँ भजनका विशेषता खुट्याउनका निम्ति केही अध्येताले औंल्याएका भजनका विशेषता यहाँ प्रस्तुत गरिंदै छ ।

कुसुमाकर न्यौपानेले **नेपाली लोकगीत** (२०७०) नामक पुस्तकमा "धार्मिक सन्दर्भ, धार्मिक विषयवस्तु, भक्तिभावको प्रधानता, सरल भाषा तथा विभिन्न स्रोतका शब्दको प्रयोग, अन्तरा र थेगोको बहुल प्रयोग, लयगत विविधता, वर्णनात्मक शैलीको प्रधानता, धार्मिक स्थल वा त्यस्तो स्थानको आसपासमा बसेर गाउनु, मझौला आकृतिको संरचना हुनु अनि भक्ति प्रस्तुत गर्ने उद्देश्यले गाइनु यस भजनका विशेषता हुन् " भनी औंल्याएका छन् (न्यौपाने, २०७० : ६९) ।

कुसुमाकर न्यौपानेद्वारा तयार पारिएको **पैयुँखोले लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** शीर्षकको शोधपत्रमा नृत्यअभिनयको प्रधानता, लयगत विविधता र भक्तिपरकता खेलीभजनका विशेषता हुन् भनी औंल्याइएको छ (न्यौपाने, २०४४ : २३) ।

पिताम्बर भण्डारीले **पोखरेली लोकभजनहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण**(२०७१) शीर्षकको शोधपत्रमा पोखरेली लोकभजनका दसवटा विशेषता छन् भनी बुँदा प्रस्तुत गरेका छन् । जस्तै : (१) आध्यात्मिक भाव (२) सांसारिक एवम् गृहस्थी प्रतिको वैराग्यको भावना (३) ईश्वर प्रति भक्ति र त्याग (४) अभाव, दुःख र पीडाको प्रकटीकरण (५) ब्रह्म सत्य जगत मिथ्यबाट प्रभावित (६) भक्ति रसयुक्त र योगसाधनामा अग्रसरता (७) धर्म, अर्थ, काम, मोक्ष जस्ता चार पुरुषार्थमा धर्म र मोक्षको नगिचता (९) सङ्क्षिप्तता (१०) ईश्वरप्रति समर्पितताको भावना (१०) उपदेशात्मकता, वैराग्यमय र भक्ति भावनात्मक हुनु (भण्डारी, २०७१ : २४) ।

अध्येताहरूले उल्लेख गरेका भजनका विशेषता सबै वस्तुपरक देखिएका छैनन् । तत्तत् स्थानका भजनका बारेमा ती विशेषता कामयावी होलान् तर सबै भजनका विशेषतालाई तिनले समेट्न सक्दैनन् । त्यसैले यहाँ कुसुमाकर न्यौपानेले उल्लेख गरेका भजनका विशेषता नै बढी वस्तुपरक देखिएकाले तिनमा आधारित भएर केही थपघट गर्दै यहाँ भजनका विशेषताको चर्चा गरिंदै छ । ती विशेषताका बुँदाहरू यस प्रकारका छन् : (१)धार्मिक विषयवस्तु (२)भक्तिभावको प्रधानता (३)सरलता (४)अन्तरा र थेगोको बहुल प्रयोग (५)लयगत विविधता (६)वर्णनात्मक शैलीको प्रधानता (७)धार्मिक स्थल वा त्यस्तो स्थानको आसपासमा बसेर गाउनु ।

### २.४.१ धार्मिक विषयवस्तु

भजनको एउटा विशेषता धार्मिक विषयवस्तु हो । भजनमा धर्मसित सम्बन्धित विषयवस्तु आएको हुन्छ । जुन धर्मको भजन हो त्यस धर्मसित सम्बन्धित विषय भजनमा समावेश भएको हुन्छ । कतै कतै प्रेम विषय पनि धर्मका आडमा बगेको हुन्छ । यसरी समाजका विभिन्न विषय भजनमा भित्रिएका हुन्छन् तर पनि ती विषयलाई धार्मिक विषयले अठ्याएको हुन्छ । यसरी भजनमा धार्मिक विषयवस्तु प्रबल बनेर आएको हुन्छ । त्यसैले धार्मिक विषयवस्तु हुनु भजनको एउटा विशेषता बनेर देखापरेको हो ।

### २.४.२.भक्तिभावको प्रधानता

भजनको अर्को विशेषता भनेको भक्तिभावको प्रधानता हो । भजनमा भगवान प्रतिको भक्तिभाव प्रबल बनेर आएको हुन्छ । हुन त भजनमा विविध भाव नभेटिने होइनन् । रसका विविध भेद भजनमा

भेटिन्छन् । ती सबै रसमध्ये भक्ति रसको प्रधानता भजनमा पाइन्छ । भजन गाउँदा भजन गाउने व्यक्तिमा भक्तिभाव प्रकट भएको हुन्छ । यस्तै श्रोता पनि भक्तिभाव प्रकट भएका कारण गाइरहेको भजनमा लट्ठ हुन्छन् । यसरी भक्ति भावको प्रधानता हुनु भजनको एउटा विशेषता बनेर देखापरेको छ ।

**२.४.३.सरलता**

भजनको अर्को एउटा विशेषता सरलता हो । भजनको भाषा सरल हुन्छ । यसमा प्रयोग हुने शब्द तत्सम, तद्‌भव तथा आगन्तुक जस्ता भए पनि ती शब्द जनजीवनमा भिजेका हुन्छन् । त्यसैले भजनको भाषा सुबोध्य हुन्छ । भजनको अर्थ एवम् भाव पनि सरल हुन्छ । जनजीवनमा भिजेका अर्थयुक्त भाव भजनमा आएका हुन्छन् । त्यसैले भजनको अर्थ एवम् भाव पनि सजिलै बुझिने खालको हुन्छ । भाषा एवम् भाव सरल एवम् सुबोध्य हुनेभएकाले भजनले यसका गायक तथा श्रोता सबैलाई सजिलै प्रभाव पार्दछ । यिनै कारणले गर्दा सरलता भजनको एउटा विशेषता बनेर देखापरेको हो ।

**२.४.४.अन्तरा र थेगोको बहुल प्रयोग**

भजनको अर्को एउटा विशेषता अन्तरा र थेगोको प्रयोग हो । भजनमा स्थायी, अन्तरा र थेगो गरी तिनवटै तत्त्वको प्रयोग पनि भेटिन्छन् । बिचबिचमा टुक्का जोडेर एउटा स्थायी दोहोऱ्याउने खालका भजन पनि पाइन्छन् तर अन्तरा र थेगो प्रयोगको स्थितिमा त्यस्ता भजन न्युन भेटिन्छन् । अन्तरा र थेगो भने भजनमा प्रशस्त पाइन्छन् । जानकारीका निम्ति अन्तरा र थेगो प्रयोग भएको भजनको एउटा चरन यहाँ प्रस्तुत गरिएको छ :

हे लैजाऊ भगुवान
जिउँदै मलाई बैकुण्ठ ।

उक्त भजनको चरनमा आएको **हे** थेगो हो भने अन्य पङ्क्ति अन्तरा हो । यस्ता अन्तरा र थेगो भजनमा प्रशस्त मात्रामा भेटिन्छन् । त्यसैले अन्तरा र थेगोको बहुल प्रयोग हुनु भजनको एउटा विशेषता बनेर देखापरेको हो ।

### २.४.५.लयगत विविधता

भजनको अर्को एउटा विशेषता लयगत विविधता हो । भजन धेरै थरिका मान्छेले गाउँछन् । भजन गायनको इतिहास धेरै लामो छ । अहिले पनि भजन गाउनेहरू प्रशस्त छन् । त्यो इतिहासदेखि आजसम्म अनेक प्रकारका भजन देखापरे । ती भजन एउटै लयका नभई विविध लयका थिए । अहिले समाजमा चलेका भजन पनि विभिन्न लयका छन् । अझ स्पष्ट भन्ने हो भने अनगिन्ती भजनका अनगिन्ती लय छन् । त्यसैले लयगत विविधता भजनको एउटा विशेषता बनेर देखापरेको हो ।

### २.४.६.वर्णनात्मक शैलीको प्रधानता

भजनको एउटा विशेषता वर्णनात्मक शैलीको प्रधानता हो । भजन विभिन्न शैलीका हुन्छन् । ती विविध शैलीका भजनमा पनि वर्णनात्मक शैलीले स्थान ओगटेको हुन्छ । भजनमा आत्मपरक शैलीको प्रयोग भए पनि घुमाइफिराइ वर्णनात्मक शैलीको प्रयोग बढी भेटिन्छ । यस्तै आख्यानात्म शैलीका भजनमा पनि भगवानको लीलाको वर्णन गरिएको हुन्छ । अहिले सम्म देखिएका जति पनि भजन छन् ती सबैमा वर्णनात्मक शैलीले स्थान ओगटेको भेटिएको छ । त्यसैले वर्णनात्मक शैलीको प्रधानता भजनको एउटा विशेषता हो भनी चर्चा गरिएको हो ।

### २.४.७.धार्मिक स्थल वा त्यस्तो स्थानको आसपासमा बसेर गाउनु

भजन पनि गीत नै हो । अन्य गीत भन्दा भजन गीत भिन्न छन् । भजन गीत सबै ठाउँमा गाइँदैन । भजन  धार्मिक गीत हो । यो गीत गाउन धार्मिक स्थल वा त्यस्तो स्थान आवश्यक हुन्छ । त्यस्ता धार्मिक स्थलमा बसेर गाएमा मात्र ती गीत भजन हुन्छन् । मठ, मन्दिर, पूजनस्थल, यज्ञस्थल, तीर्थ, गङ्गाको किनार आदि हिन्दु धर्मका धार्मिक स्थल हुन् । त्यस्ता स्थानमा मात्र भजन गाइन्छन् । यस्ता पवित्र स्थानबाहेक अन्यत्र गाउँदाका भजन भजन हुँदैनन् । त्यसैले धार्मिक स्थल वा त्यस्तो स्थानको आसपासमा बसेर गाउनु भजन गीतको एउटा विशेषता हो ।

तेस्रो अध्याय

## रिभान र लाहाचोक क्षेत्रमा प्रचलित भजनको परिचय

### ३.१ रिभान र लाहाचोक क्षेत्रको परिचय

नेपालका विभिन्न जिल्लामध्येको एउटा जिल्ला कास्की हो । कास्की जिल्लाका विभिन्न गा.वि.स.मध्येको एउटा गा.वि.स.रिभान हो भने अर्को गा.वि.स.लाहाचोक हो । कास्की जिल्लाको उत्तरी भूभागमा यी दुई गा.वि.स.पर्दछन् । सँगै जोडिएका यी गा.वि.स.को भौगोलिक, प्राकृतिक, सामाजिक स्वरूपमा प्रायः एकता पाइन्छ । यस्ता पक्ष भएर पनि यी दुई गा.वि.स.का आआफ्नै पहिचान छन् ।

रिभान गा.वि.स.कास्की जिल्लाको उत्तरी क्षेत्रमा पर्ने पर्यटकीय गन्तव्य तथा साहसिक खेलका लागि प्रसिद्ध ठाउँ हो । रिभान गा.वि.स.लाहाचोक, ल्वाङघलेल, माछापुच्छ्रे र घाचोक गा.वि.स.को सिमाना भित्र पर्दछ । रिभान प्राकृतिक रूपले रमणीय नै मानिन्छ । इदि खोला यहाँको पहिचान हो । रिभानमा शिवालय मन्दिर, सिद्धवराह मन्दिर र गुडी मन्दिर जस्ता धार्मिक मठमन्दिर  छन् । पर्यटकीय साहसिक खेल क्यानोनिइङ प्याराग्लाइडिङ पनि यहाँ सञ्चालन भएकाले यो पर्यटकीय आकर्षणको केन्द्र बनेको छ ।

लाहाचोक गा.वि.स.कास्की जिल्लाको रिभान गा.वि.स.कै छिमेकी गाउँ हो । समथर भू-भाग नै यसको पहिचान हो । लाहाचोक गाउँ पुरन्चौर, हेमजा, धिताल, ल्वाङघलेल, रिभान र घाचोक गा.वि.स.को सिमाना भित्र पर्दछ । यसले पर्यटनको प्रचूर सम्भावना बोकेको पाइन्छ । यस्तै पशुपालनका लागि पशु फार्म नै सञ्चालनमा रहेको देखिन्छ । यस लाहचोकमा अर्मलाकोट मन्दिरले धार्मिक महत्त्व बोकेको छ भने पातिखोला गुफा र अर्मला भ्यू-प्वाइन्टले पर्यटकीय विशेषता राखेका छन् ।

रिभान तथा लाहाचोक क्षेत्रमा विभिन्न जातजातिको बसोवास छ । ती जातजातिहरू पहाडी मूलका र तराई मूलका पनि छन् । यहाँ बसोवास गरेका ती जातजातिहरू यस प्रकारका छन् : ब्राह्मण, क्षेत्री, मगर, कामी, गुरुङ, नेवार, दमाई, भुजेल, सन्यासी, तेली, कोइरी, सार्की, तामाङ, मुस्लिम, ठकुरी आदि । यी दुबै गा.वि.स.मा हिन्दू, बौद्ध, इश्लाम, जैनलगायतका धर्म मान्ने जातजातिहरू छन् । यी जातजातिका बिचमा आपसी सद्भाव छ, प्रेम छ, हार्दिकता छ, सहयोगी भावना छ । यिनीहरूले एकअर्काको संस्कार र संस्कृतिलाई श्रद्धा गरेका छन् । धार्मिक, सामाजिक, सांस्कृतिक सद्भावको सुन्दर नमुना यस ठाउँमा पाइन्छ ।

## ३.२ रिभान तथा लाहाचोकमा प्रचलित भजनको परिचय

रिभान तथा लाहाचोक क्षेत्रमा धेरै प्रकारका भजनहरू प्रचलित छन् । तीमध्येका प्रमुख भजनहरू यस प्रकारका छन् :- (१) सगुण भजन (२) निर्गुण भजन (३) आरति भजन (४) खेली भजन (५) नाम कीर्तन भजन (६) प्रभाती भजन (७) लम्बरी भजन (८) चुड्का भजन ।

### ३.२.१ सगुण भजन

**सगुण** शब्द **गुण** शब्दमा **स** जोडिएर निर्मित भएको हो । **सगुण** शब्दले गुणसहितको भन्ने अर्थ बुझाउछ । यहाँ गुणसहितको भन्नाले आकारसहितको भन्ने बुझ्नुपर्दछ । त्यसैले यहाँ सगुण भनेको भगवानको आकारसहितको रूप भन्ने बुझिन्छ । आकारसहितका भगवान तथा भगवती धेरै छन् । जस्तै ब्रह्मा, विष्णु, शिव, पार्वती, लक्ष्मी, सरस्वती, राम, कृष्ण, सीता, राधा, देवी आदि । यस्ता देवीदेवताको वर्णन गरी गाइएको भजनलाई सगुण भजन भनिन्छ । यस्ता भजन गाउँदा अवस्थाअनुसार शङ्ख, घन्ट, खैंजरी, मृदङ्ग, डमरु, ढोलक, एकतारेलगायतका धार्मिक बाजा बजाइन्छ ।

सगुण भजनका पनि विभिध भेद छन् । जस्तै : ब्रह्माको भजन, विष्णुको भजन, शिवको भजन, पार्वतीको भजन, लक्ष्मीको भजन, सरस्वतीको भजन, रामको भजन, कृष्णको भजन, सीताको भजन, राधाको भजन, देवीको भजन, हनुमानको भजन, प्रह्लादको भजन आदि ।

रिभान तथा लाहाचोक क्षेत्रमा यस्ता विविध प्रकारका आरति भजन गाउने चलन छ । यहाँका ईश्वरप्रति आस्था राख्ने मानिसले फरक फरक लयमा फरकफरक प्रकारका सगुण भजन गाउने गरेको पाइन्छ । जानकारीका निम्ति सगुण भजनको पाठ यसै अध्ययनपत्रको परिशिष्टमा सङ्कलन गरिएको छ ।

### ३.२.२ निर्गुण भजन

**निर्गुण** शब्द संस्कृत भाषाको शब्द हो । निर्गुण शब्दले गुण नभएको भन्ने अर्थ पनि व्यक्त गर्दछ तर यहाँ यस शब्दले अविकारी ईश्वर अर्थात् निराकार ईश्वरलाई बुझाउँछ । जुन ईश्वरको आकार छैन तिनैलाई निराकार ईश्वर भनिन्छ । तिनै निराकार ईश्वरलाई विषय बनाएर गाइएको भक्तिपर भजनलाई निर्गुण भजन भनिन्छ । यसलाई चिनाउने क्रममा यसरी परिभाषित गरिएको छ : "अविकारी वा निराकार ईश्वरलाई विषय बनाई जीवनको निरर्थकता बोध गरी गाइने भजनलाई निर्गुण भनिन्छ

(न्यौपाने, २०६६ : ३६७) ।" यो भजन पूजास्थल तथा शुभकार्य गरेको स्थलको नजिक तथा मन्दिरको नजिकमा गाइन्छ । यो भजन गाउँदा अवस्थाअनुसार खैंजरी, मजुरालगायतका धार्मिक बाजा बजाइन्छ ।

निर्गुण भजनका पनि विभिध भेद छन् । जस्तै : ब्राह्णले गाउने निर्गुण भजन, जोगीले गाउने निर्गुण भजन, गन्धर्वले गाउने निर्गुण भजन आदि ।

रिभान तथा लाहाचोक क्षेत्रमा यस्ता विविध प्रकारका आरति भजन गाउने चलन छ । यहाँका भजने तथा ईश्वरप्रति आस्था राख्ने मानिसले यस्ता केही निर्गुण भजन गाउने गर्दछन् । जानकारीका निम्ति उक्त स्थानमा प्रचलित निर्गुण भजनको पाठ यसै अध्ययनपत्रको परिशिष्टमा सङ्कलन गरिएको छ ।

### ३.२.३ आरति भजन

**आरति** शब्द संस्कृत भाषाको **आरत्रिक** शब्दबाट निर्मित भएको हो । आरति शब्दले भगवानको प्रार्थना गरिएको गेय अभिव्यक्तिलाई बुझाउछ । त्यसैले यो गेय अभिव्यक्ति भक्तिपरक गीत हो । यस गीति अभिव्यक्तिका माध्यमबाट भगवानको भक्ति गरिने भएकाले यसलाई आरति भजन भनिएको हो । यसलाई चिनाउने क्रममा यसरी परिभाषित गरिएको छ : "आराध्य देवी तथा देवताको पूजाआजा वा यस्तै शुभकार्यमा गाइने भक्तिपरक गीति-अभिव्यक्तिलाई आरति भनिन्छ (न्यौपाने, २०६६ : ३६७) ।" यो आरति भजन मन्दिर, पूजास्थल तथा शुभकार्यमा गाइन्छ । यो भजन गाउँदा अवस्थाअनुसार शङ्ख, घन्ट, खैंजरी, मृदङ्ग, डमरु, ढोलक, एकतारेलगायतका धार्मिक बाजा बजाइन्छ ।

आरति भजनका पनि विभिध भेद जस्तै : गणेशको आरति भजन, शिवको आरति भजन, विष्णुको आरति भजन, रामको आरति भजन, हनुमानको आरति भजन, दुर्गाको आरति भजन, कालीको आरति भजन, देवीको आरति भजन आदि । यस्तै समयका आधारमा साँझको आरति भजन, बिहानको आरति भजन र दिउसोको आरति भजन आदि ।

रिभान तथा लाहाचोक क्षेत्रमा यस्ता विविध प्रकारका आरति भजन गाउने चलन छ । यहाँका भजने तथा ईश्वरप्रति आस्था राख्ने मानिसले फरक-फरक प्रकारका आरति भजन गाउने गरेको पाइन्छ । जानकारीका निम्ति आरति भजनका केही पाठ यसै अध्ययनपत्रको परिशिष्टमा सङ्कलन गरिएको छ ।

### ३.२.४ खेली भजन

**खेल** शब्दमा **ई** प्रत्यय लागेर **खेली** शब्द बनेको हो । खेली शब्दले ख्यालख्यालमा गाउन सकिने, खेलका रूपमा गाउन सकिने अनि खेलेर गाउन सकिने गीतलाई बुझाउँछ । खेली गीतलाई कतिपयले **रोइला** शब्दले पनि पुकार्छन् । वास्तवमा रोइला भनेको रोदनयुक्त लयात्मक अभिव्यक्ति हो । ख्यालख्यालमा गाइने गीतलाई रोइला भन्नु सार्थक देखिँदैन । त्यसैले यहाँ पनि यस गीतलाई खेली गीत भनिएको छ । यसलाई चिनाउने क्रममा यसरी परिभाषित गरिएको छ : "ख्यालख्यालमा गाइने अनि खेलका रुपमा गाइने एक प्रकारको गीत खेली गीत हो (न्यौपाने, २०७० : ५४) ।" खेली गीतका विभिन्न भेदमध्ये खेली भजन एउटा भेद हो । यो खेली भजन मन्दिर, पूजास्थल तथा शुभकार्यमा गाइन्छ । यो भजन गाउँदा अवस्थाअनुसार खैँजरी, मृदङ्ग, ढोलक, एकतारेलगायतका धार्मिक बाजा बजाइन्छ ।

खेली भजनका पनि विभिध भेद छन् । जस्तै : चुड्कायुक्त खेली भजन, चुड्काविहीन खेली भजन । यस्तै ब्रह्मासित सम्बन्धित खेली भजन, विष्णुसित सम्बन्धित खेली भजन, शिवसित सम्त्रन्धित खेली भजन, रामसित सम्बन्धित खेली भजन, कृष्णसित सम्बन्धित खेलीभजन, देवीसित सम्त्रन्धित खेली भजन आदि ।

रिभान तथा लाहाचोक क्षेत्रमा यस्ता विविध प्रकारका खेली भजन गाउने चलन छ । यहाँका भजने तथा ईश्वरप्रति आस्था राख्ने मानिसले यस्ता फरक फरक प्रकारका खेली भजन गाउने गर्दछन् । जानकारीका निम्ति खेली भजनका केही पाठ यसै अध्ययनपत्रको परिशिष्टमा सङ्कलन गरिएको छ ।

### ३.२.५ नामकीर्तन भजन

**नामकीर्तन** शब्द **नम** र **कीर्तन** शब्दको मेल भएर बनेको शब्द हो । नामकीर्तन शब्दअन्तर्गतको **नाम** शब्दले भगवानका नामलाई सङ्केत गरेको हो । त्यस्ता नाम भनेका राम, कृष्ण, दुर्गा, शिव, गणेश, काली आदि देवीदेवताका नाम हुन् । यिनै देवीदेवतीमध्ये कुनैको नाम पटकपटक दोहोऱ्याउँदै गाइएको छ भने त्यस्तो गेय अभिव्यक्तिलाई नामकीर्तन भनिन्छ । यसलाई **नामकीर्तन, नामसङ्कीर्तन, सङ्कीर्तन** जस्ता शब्दले पुकारिन्छ । भक्तिपरक यो गीत भगवत् प्राप्तिका निम्ति गाइन्छ । यसको गायन बढी मात्रामा धार्मिकस्थलमा हुन्छ । यसको गायनमा अवस्थाअनुसार खैँजरी, मृदङ्ग, ढोलक, झ्याली, मजुरालगायतका धार्मिक बाजा बजाइन्छ ।

नामकीर्तनका पनि विविध भेद छन् । जस्तै : रामको कीर्तन, कृष्णको कीर्तन, गणेशको कीर्तन, शिवको कीर्तन, नारायणको कीर्तन, दुर्गाको कीर्तन, कालीको कीर्तन आदि ।

रिभान तथा लाहाचोक क्षेत्रमा यस्ता विविध प्रकारका नामकीर्तनमध्ये रामको कीर्तन र हरिको कीर्तन बढी प्रचलनमा छन् । जानकारीका निम्ति कीर्तनका केही पाठ यसै अध्ययनपत्रको परिशिष्टमा सङ्कलन गरिएको छ ।

### ३.२.६ प्रभाती भजन

**प्रभाती** शब्द **प्रभात** शब्दमा **ई** प्रध्यय जोडिएर बनेको हो । नेपालमा प्रभाती शब्दले प्रभात अर्थात् बिहानको समयमा गाइने भक्तिपरक गीतलाई बुझाउँछ । त्यसैले यो गेय अभिव्यक्ति बिहानको समयमा गाइने भक्तिपरक गीत हो । यसलाई चिनाउने क्रममा यसरी परिभाषित गरिएको छ : "बिहान रिमरिम उज्यालो हुन लाग्दा गाइने एक प्रकारको धार्मिक गीतलाई प्रभाती भनिन्छ । यसलाई प्रभाती, प्रभाती भजन, बिहानी भजन, उज्यालो हुन लाग्दाको भजन पनि भन्ने गरेको पाइन्छ (न्यौपाने, २०६६ : ३६७) ।" यो प्रभाती भजन मन्दिर, पूजास्थल तथा शुभकार्यमा गाइन्छ । यो भजन गाउँदा अवस्थाअनुसार खैंजरी, मजुरा, मृदङ्ग, झ्यालीलगायतका धार्मिक बाजा बजाइन्छ ।

प्रभाती भजनका पनि विविध भेद छन् । जस्तै : भजनियाले गाउने प्रभाती, घरमूलीले गाउने प्रभाती, गन्धर्वले गाउने प्रभाती, महिलाले गाउने प्रभाती आदि । यस्तै लिङ्गका आधारमा भन्ने हो भने पुरुषले गाउने प्रभाती अनि स्त्रीले गाउने प्रभाती गरी दुई प्रकारका प्रभाती पाइन्छन् । यस्तै प्रकारले प्रभाती भजनलाई विभिन्न आधारमा वर्गीकरण गरेर देखाउन सकिन्छ ।

रिभान तथा लाहाचोक क्षेत्रमा यस्ता विविध प्रकारमध्ये केही मात्र प्रभाती भजन भेटिन्छन् । यहाँका गायकगायिकाले बेलाबेलामा यस्ता प्रभाती भजन गाएर सुतेका व्यक्तिलाई पनि जगाउने गरेका कुरा स्थानीय व्यक्तिले सनाउँछन् । जानकारीका निम्ति प्रभाती भजनको पाठ यसै अध्ययनपत्रको परिशिष्टमा सङ्कलन गरिएको छ ।

### ३.२.७ लम्बरी भजन

**लम्बरी** शब्द लामो भाकाको भन्ने अर्थमा प्रयोग भएको नेपाली शब्द हो । लामो भाकाको भजनलाई लम्बरी भजन भनिन्छ । यो भजन बुढापाका पुरुषहरूले बढी मात्रामा गाउने गर्दछन् । लामो

लयको यस गीति अभिव्यक्तिका माध्यमबाट भगवानको भक्ति गरिने भएकाले यसलाई लम्बरी भजन भनिएको हो । लम्बरी भजन विशेष गरी गण्डकी अञ्चलमा प्रचलित भजन हो । यस भजनलाई चिनाउने क्रममा धर्मराज थापा, हंसपुरे सुवेदीलगायतका व्यक्तिले सोदाहरण परिभाषा प्रस्तुत गरेका छन् । तिनले औंल्याएका परिभाषा र प्राप्त भजनको पाठलाई हेरेर भन्ने हो भने **लामो लयमा गाइने एक प्रकारको भक्तिपरक गीत लम्बरी भजन हो ।** लम्बरी भजन एकाह, सप्ताह, रुद्री, सत्यनारायण, स्वस्थानीपूजा लगायतका धार्मिक कृत्य गर्दा गाउने चलन छ । यो भजन गाउँदा खैंजरी, मजुरालगायतका धार्मिक बाजा बजाइन्छ ।

लम्बरी भजनका पनि विविध भेद छन् । जस्तै : रामायणको लम्बरी भजन, कृष्णचरित्रको लम्बरी भजन, महाभारतको लम्बरी भजन, स्वस्थानीको लम्बरी भजन, हरिश्चन्द्रको लम्बरी भजन, प्रह्लादको लम्बरी भजन, निर्गुण लम्बरी भजन आदि । अहिले यस्ता भजनगाउने परम्परा हराउँदै गएको छ ।

रिभान तथा लाहाचोक क्षेत्रमा यस्ता विविध प्रकारका लम्बरी भजन गाउने चलन न्युन हुँदै गएको छ । यहाँका भजनेले अहिले पनि फरक-फरक प्रकारका लम्बरी भजन गाउने गरेको पाइन्छ । जानकारीका निम्ति उक्त ठाउँमा प्रचलित लम्बरी भजनका पाठ यसै अध्ययनपत्रको परिशिष्टमा सङ्कलन गरिएको छ ।

### ३.२.८ चुडका भजन

**चुड्का** शब्द सानो आकृतिको गीत भन्ने अर्थमा प्रयोग भएको नेपाली शब्द हो । सानो संरचना भएको भजनलाई चुड्का भजन भनिन्छ । यो भजन वृद्ध तथा युवा पुस्ताका मानिसले गाउने गर्दछन् । यो भजन विभिन्न आकृतिको हुन्छ । यस भजनका विभिन्न लय छन् । चुड्का भजन एकाह, सप्ताह, रुद्री, सत्यनारायण, स्वस्थानीपूजा लगायतका धार्मिक कृत्य गर्दा गाउने चलन छ । यो भजन गाउँदा खैंजरी, मजुरालगायतका धार्मिक बाजा बजाइन्छ ।

चुड्का भजनका पनि विविध भेद छन् । तिनलाई विभिन्न आधारमा विभाजन गर्न सकिन्छ । यस्ता भजन अहिले निकै प्रचलित छन् ।

रिभान तथा लाहाचोक क्षेत्रमा चुड्का भजन गाउने चलन छ । यहाँका भजनेले फरक-फरक प्रकारका चुड्का भजन गाउने गरेको पाइन्छ । जानकारीका निम्ति उक्त ठाउँमा प्रचलित चुड्का भजनका पाठ यसै अध्ययनपत्रको परिशिष्टमा सङ्कलन गरिएको छ ।

चौथो अध्याय

## रिभान र लाहाचोक क्षेत्रमा प्रचलित भजनको विश्लेषण

### ४.१ भजनको विश्लेषण

नेपालको कास्की जिल्लाका विभिन्न गाउँवस्तीमध्येका दुईवटा गा.वि.स. रिभान र लाहाचोक हुन् । यिनै दुईवटा गा.वि.स.मा प्रचलित भजन विभिन्न प्रकारका छन् । तिनलाई विभिन्न आधारमा विश्लेषण गर्न सकिन्छ । अध्ययनको समयसिमालाई ध्यानमा राखेर यस अध्ययनपत्रमा उक्त गा.वि.स.मा प्रचलित भजनलाई दुईवटा आधारमा विश्लेषण गर्न उचित ठानिएको छ । यहाँ विश्लेषणका निम्ति तयार पारिएका ती दुईवटा आधार यस प्रकारका छन् : (क) भजनको विषयवस्तु (ख) भजनको शैली ।

### ४.१.१ भजनको विषयवस्तु

रिभान तथा लाहाचोक क्षेत्रमा प्रचलित भजनमा विभिन्न प्रकारका विषयवस्तु समावेश भएका छन् । त्यस्ता विषयवस्तु धेरै भेटिएका छन् । तीमध्येका प्रमुख विषयवस्तु यस प्रकारका छन् : (क) धार्मिक विषयवस्तु (ख) प्रकृतिक विषयवस्तु (ग) नैतिक विषयवस्तु (घ) सामाजिक विषयवस्तु ।

#### ४.१.१.१ धार्मिक विषयवस्तु

रिभान र लाहाचोक क्षेत्रका भजनमा मुख्य रूपमा धार्मिक विषयवस्तु आएको  पाइन्छ । हिन्दु धर्मालम्वीहरूले गाएका भजनमा हिन्दु धर्मसित सम्बन्धित धर्मग्रन्थले उल्लेख गरेका कुराको वर्णन भेटिन्छ । अठारवटै पुराणले उल्लेख  गरेको **परोपकार नै धर्म हो** भन्ने भाव यहाँ प्रचलित भजनमा ध्वनित भएका हुन्छन् । यसै क्रममा भगवानका साकार तथा निराकार रूपको वर्णन पाइन्छ । साकार रूपमध्ये ब्रह्मा, विष्णु, शिव, राम, कृष्ण, गणेश लगायतका भगवान र लक्ष्मी, पार्वती लगायतका भगवतीको वर्णन भेटिन्छ । यस्तै वैकुण्ठ, स्वर्ग, तीर्थस्थल, सूर्य, चन्द्रमा, तारालगायतका स्थल  तथा

प्रकृतिको वर्णन पनि पाइन्छ । जानकारीका निम्ति उक्त ठाउँमा प्रचलित भजनका केही चरन यहाँ प्रस्तुत गरिएको छ :

(क) पहिला सृष्टि हुन लाग्दा **ब्रह्माजी** थिए मनौंला
जलमात्र थियो दिव्य जलमा भनौंला ।

(ख) कति सुहायो, कति सुहायो !
**शिवजी**लाई पार्वती
कति सहायो !

(ग) हरे **राम** हरे राम, राम राम हरे हरे
हरे **कृष्ण** हरे कृष्ण, कृष्ण कृष्ण हरे हरे ।

(घ) जय **गणेश** जय गणेश जय गणेश देव
माता मेरी **पार्वती** पिता **महादेव** ।

(ङ) जाम्ला **बैकुन्ठै**मा
नाच्दै गाउँदै बजाउँदै ।

उक्त भजनमध्ये पहिलो (क) भजनमा भगवान ब्रह्मा र सृष्टिका बारेमा औंल्याइएको छ । यो सृष्टि सिर्जना हुनुपूर्व यो पृथ्वी जलमात्र थियो । यस सन्सारको सृष्टि भगवान् ब्रह्माले गरे । सृष्टिकर्ता ती भगवान् ब्रह्मा स्तुत्य छन् भनिएको छ । यस्तै दोस्रो (ख) भजनमा शिव र पार्वतीको रूपको साङ्केतिक वर्णन गरिएको छ । शिव र पार्वती दुवै आकर्षक छन् । ती दुवै एकअर्काका निम्ति शोभनिय देखिएका छन् । तेस्रो (ग) नामकीर्तन भजनमा राम र कृष्णको नाम जपिएको छ । चौथो (घ) भजनमा शिव, पार्वती अनि गणेशलाई स्मरण गरिएको छ । पाँचौं (ङ) भजनमा धर्म गरेमा मात्र स्वर्ग अर्थात् वैकुण्ठ जान पाइन्छ भनिएको छ । यसरी यहाँका सबै भजनमा धार्मिक विषयवस्तु आएको हुन्छ ।

### ४.१.१.२ प्राकृतिक विषयवस्तु

रिभान र लाहाचोकमा प्रचलित भजनमा प्रकृतिका विभिन्न रूपको वर्णन पाइन्छ । स्वर्ग तथा नर्क जस्ता अदृश्य प्रकृतिको चित्रण पनि यहाँका भजनमा भेटिन्छ । यस्तै सूर्य, चन्द्रमा, तारा, आकाश, पाताल र पृथ्वीको चित्रण भेटिन्छ । पूर्व, पश्चिम, उत्तर र दक्षिणको भूगोल समावेश हुन्छ । फूल, पाती, दुवो, तुलसी, बर, पीपल, स्वामी, रुद्राक्ष जस्ता वृक्षवनस्पती आएका हुन्छन् । भगवान् विष्णुको वासस्थल

मुक्तिनाथ, शिवको वासस्थल हिमाल, कृष्णको वासस्थल तथा क्रीडास्थल वृन्दावन तथा मथुराको चित्रण भेटिन्छ । रामको वासस्थान अयोध्यालगायतका ठाउँको वर्णन पाइन्छ । काशी, गया, वद्री, केदारलगायतका धार्मिक स्थलको चित्रण पाइन्छ । यस्तै स्थानीय रिभु लेक, लाहाचोकको बेंसी अनि इदि, लस्ती र मार्दिखोलाका वनपाखा अनि त्यहाँ भएका मठमन्दिरको चित्रण भेटिन्छ । जानकारीका निम्ति यस्ता प्रकृतिसित सम्बन्धित भजनको केही उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

(क) **फूल** फूल्यो **बगैंच**मा
टिपी लानी मन्दिरमा

(ख) **बुटो** बगैंचामा
**फूल** टिपेर मन्दिरमा ।

(ग) राम भनन, श्याम भनन
**वृन्दावन**मा मुरली बज्यो घनन ।

(घ) रामधुनी लाए
कैलाशैमा शिवले ।

उक्त भजनमध्ये पहिलो (क) भजनमा फूल र बगैंचाको चित्रण गरिएको छ । दोस्रो (ख) भजनमा बुटो अर्थात् रुख, बगैंचा, फूललाई समावेश गरिएको छ । तेस्रो (ग) भजनमा वृन्दावनको चित्रण गरिएको छ । चौथो (घ) भजनमा हिमाली भूभाग कैलाशको वर्णन गरिएको छ । यसरी हेर्दै जाँदा रिभान तथा लाहाचोकका भजनमा प्रकृतिका विभिन्न रूपलाई विषयवस्तु बनाएको पाइन्छ ।

### ४.१.१.३ नैतिक विषयवस्तु

रिभान तथा लाहाचोकमा प्रचलित भजनमा नैतिक उपदेशका स्वर गुञ्जित भएका छन् । यो जीवन सार्थक तुल्याउन धर्म गर्नुपर्छ । धर्म गरे यो जीवन सुखी हुन्छ अनि स्वर्गमा वास पाइन्छ साथै अर्को जन्म पनि सुखका साथ बिताउन पाइन्छ । हरिको नाम  जप । पूजापाठ गर । यज्ञ गर । दान गर । परोपकार गर । मातापिताको सेवा गर । गुरुको भक्ति गर । सत्कर्म गर अनि फलको आसा नगर । यस्ता नैतिक उपदेश यहाँका भजनमा गुन्जित भएका छन् । जानकारीका निम्ति त्यहाँ प्रचलित भजनका केही चरण यहाँ प्रस्तुत गरिएको छ :

(क) **जपम् हरि** लाई जपम् हरिलाई

एक दिन होइन दुई दिन होइन सधै भरिलाई ।

(ख) सेवा गर न, सेवा गर न

**माता, पिता, गुरुको**

**सेवा गर** न ।

(ग) **दीनदु:खीको सेवा गर्नु** हाम्रो कर्म हो

**जगतको भलो गर्नु** हाम्रो धर्म हो ।

(घ) **बाँचुन्जेल तेरोमेरो** भन्ने हामी छौं

मर्ने बेला भैसक्यो, के पो लाने हौं ?

उक्त भजनमध्ये पहिलो (क)भजनमा सधैं सुख प्राप्त गर्न हरि नाम जप गर भनिएको छ । यस्तै दोस्रो (ख) भजनमा मातापिता तथा गुरुको सेवा गर भनिएको छ । तेस्रो (ग) भजनमा दीनदु:खीको सेवा गर अर्थात् जगतकै भलो गर्ने कार्यमा आफूलाई लगाऊ भनिएको छ । चौथो (घ) भजनमा मरे पछि रित्तै जानुपर्ने भएकाले बाँचुन्जेल तेरोमेरो भनेर झगडा गर्नु व्यर्थ छ भनी सङ्केत गरिएको छ । यसरी रिभान तथा लाहाचोकका भजनमा नैतिक विषयवस्तु प्रशस्त भित्रिएको भेटिन्छ ।

**४.१.१.४ सामाजिक विषयवस्तु**

रिभान र लाहाचोकका भजनमा विभिन्न प्रकृतिका समाज भेटिन्छन् । त्यहाँ प्रचलित आख्यानयुक्त भजनमा लौकिक तथा अलौकिक समाजको चित्रण पाइन्छ । त्यस्ता समाजको विवरण सम्झने होभने देवताको समाज, राक्षसको समाज, स्वर्गको समाज, नर्कको समाज, पापीहरूको समाज, धर्मीहरूको समाज, अयोध्याको समाज, लङ्काको समाज, मथुराको समाज, वृन्दावनको समाज, गोकुलको समाज, महाभारतको समाजलाई स्मरण गर्न सकिन्छ । यी समाज भित्र समाजका विभिन्न पक्षलाई देख्न सकिन्छ । यिनमा धनी, गरीव, पापी, धर्मी, दुष्ट, सज्जन, छुत, अछुत, सहयोगी, असहयोगी, आदर्श, अनादर्श गरी अहिले संसारमा भएका सबै समाज आएका छन् । यहाँ प्रचलित रामायण भजन, कृष्णचरित्र भजन, महाभारत भजन, स्वस्थानी भजनमा समाजका यस्ता पक्ष प्रशस्त भित्रिएका छन् । जानकारीका निम्ति केही उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

(क)　रामलाई बनिवास
भरतलाई रजाइँ ।

(ख)　हे कृष्ण ! हे कृष्ण !
तिम्ले रक्षा गरेऊ र पो
कुन चाल हुन्थ्यो नत्र !

(ग)　मुर्छा परे लच्छुमण भनी रामजी रुनुभो
मायालु हातले हे भाई ! भनी गाला छुनुभो ॥

उक्त भजनमध्ये पहिलो (क) भजनमा रामराज्य अयोध्याको समाजको झल्को ल्याइएको छ । त्यस क्रममा राम वनवास जानुपर्ने अनि भरतले राज्य गर्नुपर्ने वाध्यताको चित्रण गरिएको छ । दोस्रो (ख) भजनमा मथुरा राज्यको समाजको झल्को प्रस्तुत गरिएको छ । त्यस क्रममा मथुराको राजा कंशले गरेको अत्याचार र त्यस अत्याचारबाट जोगाउन भगवान् कृष्णले गरेको योगदानको प्रशंसा गरिएको छ । यस्तै तेस्रो (गं) भजनमा रामले लक्ष्मणलाई गरेको हार्दिक मायाको चित्र खिचिएको छ । यसरी यहाँका आख्यानयुक्त भजनमा सामाजिक विषयवस्तु बढी प्रबल बनेर आएको छ ।

### ४.१.२ भजनको शैली

कुनै पनि विषयलाई प्रस्तुत गर्ने तरिका शैली हो । शैलीका आधारमा रिभान तथा लाहोचोक क्षेत्रका भजनको विश्लेषण गर्दा यस ठाउँका भजनमा फरकफरक शैली पाइन्छन् । त्यहाँका भजनमा भेटिएका मुख्य शैली यस प्रकारका छन् : (१) वर्णनात्मक शैली (२) आत्मपरक शैली (३) आज्ञार्थक शैली (४) प्रश्नात्मक शैली ।

#### ४.१.२.१ वर्णनात्मक शैली

कुनै विषयको वर्णन गर्ने शैलीलाई वर्णनात्मक शैली भनिन्छ । रिभान तथा लाहाचोकका अत्यधिक भजनमा वर्णनात्मक शैली पाइन्छ । यो भन्दा बाहेक अन्य शैली भेटिए पनि तिनमा पनि वर्णनले स्थान ओगटेको हुन्छ । उक्त क्षेत्रका भजनमा वर्णनात्मक शैलीको प्रयोगको अवस्था कस्तो छ भन्ने जान्नका निम्ति त्यहाँ प्रचलित भजनका केही उदाहरण तल प्रस्तुत गरिएको छ :

(क) उँधै सललल

गङ्गाजल निर्मल ।

(ख) कौंश अत्याचारी

कृष्णलीला बिहारी ।

(ग) दच्छे प्रजापतीका तेत्तीसकोटी कन्ने

सबैभन्दा जेठी छोरी सत्तेदेवी भन्ने ।

(घ) पऱ्यो रामलाई

पऱ्यो रामलाई

चौध वर्ष वनमा जान

पऱ्यो रामलाई ।

(ङ) भाद्र महिना कृष्णपक्ष अष्टमीको रातमा

भगवानको अवतार भयो मध्ये रातमा ।

(च) कति सहायो !

कति सुहायो !

बाघको छाला, नागको माला

कति सुहायो !

(छ) रामलाई बनिवास

भरतलाई रजाइँ ।

उक्त भजनमध्ये पहिलो (क) भजनमा गङ्गानदीको वहाव र निर्मल स्वरूपको वर्णन गरिएको छ । दोस्रो (ख) भजनमा मथुरावासी कंश अत्याचारी छ अनि भगवान कृष्णले लीला गर्दछन् भनेर वर्णन गरिएको छ । तेस्रो (ग) भजनमा दक्षप्रजापतिका तेत्तीसकोटी कन्या थिए अनि तीमध्येकी जेठी छोरीको नाम सत्यदेवी थियो भनेर वर्णन गरिएको छ । चौथो (घ) भजनमा भगवान रामलाई चौध वर्ष वनवास जानुपऱ्यो भनेर भनिएको छ । पाँचौं (ङ) भजनमा भगवान कृष्णको जन्मको वर्णन गरिएको छ । छैटौं (च) भजनमा भगवान शिवको पहिरन र गहनाको वर्णन गरिएको छ । सातौं (छ) भजनमा रामले वनवास र भरतले राज्य गर्न वाद्य भएको परिस्थितिको साङ्केतिक वर्णन गरिएको छ । यसरी हेर्दै जाँदा रिभान तथा लाहाचोकका भजनमा वर्णनात्मक शैलीको बहुल प्रयोग पाइन्छ ।

### ४.१.२.२ आत्मपरक शैली

पहिलो पुरुषको प्रयोग गरेर व्यक्त गर्ने शैली आत्मपरक शैली हो । अझ स्पष्ट भन्ने होभने आत्मपरक शैलीमा **म** तथा **हामी** शब्दको प्रयोग हुन्छ । यसअनुसार रिभान तथा लाहाचोकका भजनलाई हेर्दा आत्मपरक शैलीको प्रयोग भएका भजन प्रशस्त पाइन्छन् । जानकारीका निम्ति आत्मपरक शैलीका भजनका केही चरन यहाँ प्रस्तुत गरिएको छ :

(क) रामलाई अगि लाम्ला
रामकै पछि मै जाम्ला ।

(ख) जपम् हरिलाई
जपम् हरिलाई
यो जिन्दगीभरिलाई
जपम् हरिलाई ।

(ग) हरि भन्छु मैले
रामराम भन सबैले ।

उक्त भजनहरूमध्ये पहिलो (क) भजनमा **म** भन्ने व्यक्तिले भगवान् रामलाई अगि लाउँछु भनेको छ अनि तिनै रामलाई अगि लाएर आफू उनकै पछि पछि हिंड्छु भनेको छ । दोस्रो (ख) भजनमा **जपम्** भन्ने क्रियाले बहुवचनमूलक आत्मपरक अभिव्यक्ति दिएको छ अनि यसमा हामीले जिन्दगीभरि हरिभगवानको नाम जपौं भनेर बहुवचनमूलक आत्मपरक स्वर प्रकट भएको छ । तेस्रो (ग) भजनमा मैले हरि भगवानको नाम जप्छु भनेर भन्दा पहिलो पुरुष शैली प्रकट भएको छ । यसरी रिभान तथा लाहाचोकका भजनमा आत्मपरक शैलीको प्रयोग पनि प्रशस्त मात्रामा भेटिन्छ ।

### ४.१.२.३ आज्ञार्थक शैली

कसैलाई अह्राउने अथवा आज्ञा दिने शैली आज्ञार्थक शैली हो । रिभान तथा लाहाचोकमा प्रचलित भजनमा आज्ञार्थक शैलीले स्थान ओगटेको छ । अझ स्पष्ट भन्ने होभने वक्ताले तेस्रो पुरुषप्रधान व्यक्तिलाई अह्राएको छ, आज्ञा दिएको छ । जानकारीका निम्ति यस्ता आज्ञार्थक शैलीका केही भजन तल प्रस्तुत गरिएको छ :

(क) खुट्टाले गर्नू तीर्थव्रत, हातले गर्नू दान

मुखले जप्नू हरिको नाम, आत्मामा लिनू ज्ञान

जिउँदै मलाई वैकण्ठ

लैजाऊ भगवान

जिउँदै मलाई वैकुण्ठ ।

(ख) मनको ईश्वर चिन

बाइर खोज्दै नहिन ।

(ग) जपम् हरिलाई

जपम् हरिलाई

यो जिन्दगीभरिलाई

जपम् हरिलाई

(घ) भुल्नु हुँदैन

भुल्नु हुँदैन

ब्रह्मा, विष्णु, महेश्वरलाई

भुल्नु हुँदैन ।

(ङ) असारमा एकादशी, कात्तिकमा दान

स्वर्ग जानी बाटो खुल्छ, जप्नू रामको नाम ।

उक्त भजनमध्ये पहिलो (क) भजनमा खुट्टाले तीर्थव्रत गर्नू, हातले दान गर्नू, मुखले हरिको नाम जप्नू, आत्मामा ज्ञान लिनू अनि यस्ता व्यक्तिलाई भगवानले जिउँदै वैकुण्ठ लैजाऊ भनिएको छ । दोस्रो (ख) भजनमा ईश्वर मनमा हुने भएकाले बाहिर खोज्दै नहिँड भनिएको छ । तेस्रो (ग) भजनमा हरि भगवानको नाम जप्नू भनिएको छ । चौथो (घ) भजनमा भगवान् ब्रह्मा, विष्णु र शिवलाई नभुल भनिएको छ । पाँचौं (ङ) भजनमा एकादशीमा पूजाआजा गर अनि कात्तिकमा दान गर साथै रामको नाम जप भनिएको छ । यसो गरे स्वर्ग जाने बाटो खुल्छ भनिएको छ । यसरी यहाँका भजनमा आज्ञार्थक शैलीको प्रचूरता भेटिएको छ ।

**४.१.२.४ प्रश्नात्मक शैली**

प्रश्न गरिएको वा प्रश्न गरी उत्तर प्रस्तुत गरिएको अभिव्यक्ति शैलीलाई प्रश्नात्मक शैली भनिन्छ । रिभान तथा लाहाचोकमा प्रचलित भजनमा प्रश्नात्मक शैलीको प्रयोग पनि पाइन्छ । कुनै

भजनमा प्रश्न गरिएको हुन्छ । कुनै भजनमा प्रश्न गरी उत्तर पनि प्रस्तुत गरिएको हुन्छ । जानकारीका निम्ति प्रश्नात्मक शैलीयुक्त भजनका केही चरनहरू तल प्रस्तुत गरिएको छ :

(क) बाँचुन्जेल तेरोमेरो, भन्नी हामी हो
मर्नी बेला भैसक्यो के पो लानी हो ?

(ख) खै बाटो खनेको
स्वर्ग जानी भनेको ?

(ग) शिव जटाधारी
कैले होला सवारी ?

उक्त भजनमध्ये पहिलो (क) भजनमा बाँचुन्जेल तेरोमेरो भनेर झगडा गरिन्छ अनि मरे पछि लाने के हो भनेर प्रश्न गरिएको छ । दोस्रो (ख) भजनमा स्वर्ग जानका निम्ति बाटो खनेको खोइ भनेर प्रश्न गरिएको छ । तेस्रो (ग) भजनमा जटाधारी शिवको सवारी कहिले हुन्छ भनेर प्रश्न गरिएको छ । यसरी रिभान तथा लाहाचोकको भजनमा प्रश्नात्मक शैलीले स्थान ओगटेको छ ।

पाँचौं अध्याय

## निष्कर्ष

### ५.१ सारांश

नेपालको कास्की जिल्लाअन्तर्गतका विभिन्न गा.वि.स.हरूमध्ये रिभान गा.वि.स. र लाहाचोक गा.वि.स.मा पनि विभिन्न जातिका मानिसहरूको बसोवास छ । त्यहाँ हिन्दु धर्मालम्बी मानिसहरूले विभिन्न प्रकारका भजन गाउँछन् । तिनै भजनमा केन्द्रित भई **रिभान तथा लाहाचोक क्षेत्रमा प्रचलित लोकभजनहरूको सङ्कलन र अध्ययन** शीर्षकको प्रस्तुत अध्ययनपत्र तयार पारिएको हो । यस अध्ययनपत्रको पहिलो अध्यायमा विषयपरिचय दिइएको छ। दोस्रो अध्यायमा भजनको सैद्धान्तिक स्वरुप प्रस्तुत गरिएको छ। तेस्रो अध्यायमा रिभान र लाहाचोक क्षेत्रमा प्रचलित भजनको परिचय शीर्षक राखी रिभान र लाहाचोक क्षेत्रको परिचय दिइएको छ साथै त्यहाँ प्रचलित भजनलाई चिनाइएको छ। चौथो अध्यायमा रिभान र लाहाचोक क्षेत्रमा प्रचलित भजनको विश्लेषण शीर्षक राखेर त्यहाँ प्रचलित भजनलाई विषयवस्तु र शैलीका कोणबाट विश्लेषण गरिएको छ। पाँचौं अध्यायमा निष्कर्ष शीर्षक राखेर यस अध्ययनपत्रको निष्कर्ष उल्लेख गरिएको छ । परिशिष्ट खण्डमा रिभान तथा लाहाचोक क्षेत्रमा प्रचलित भजनको सङ्कलन शीर्षक राखेर त्यहाँ प्रचलित भजन सङ्कलित गरिएको छ । अन्त्यमा सन्दर्भकृति शीर्षक राखेर यस अध्ययनपत्रमा प्रयोग भएका सन्दर्भकृतिहरू उल्लेख गरिएको छ।

### ५.२ निष्कर्ष

**रिभान तथा लाहाचोक क्षेत्रमा प्रचलित लोकभजनहरूको सङ्कलन र अध्ययन** शीर्षकको प्रस्तुत अध्ययनपत्रबाट निस्केका निस्कर्षलाई यहाँ बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) रिभान तथा लाहाचोक क्षेत्रमा भजनहरू प्रशस्त मात्रामा पाइन्छन् ।

(ख) रिभान तथा लाहाचोक क्षेत्रमा यस प्रकारका भजन प्रचलित छन् : (१) सगुण भजन (२) निर्गुण भजन (३) आरति भजन (४) खेली भजन (५) नाम कीर्तन भजन (६) प्रभाती भजन (७) लम्बरी भजन (८) चुड्का भजन ।

(ग) रिभान तथा लाहाचोकमा प्रचलित भजनमा विभिन्न प्रकारका विषयवस्तु समावेश भएका छन् ।त्यस्ता विषयवस्तु धेरै भेटिएका छन् । तीमध्येका प्रमुख विषयवस्तु यस प्रकारका छन् :

(१) धार्मिक विषयवस्तु (२) प्रकृतिक विषयवस्तु (३) नैतिक विषयवस्तु (४) सामाजिक विषयवस्तु ।

(घ) शैलीका आधारमा रिभान तथा लाहोचोक क्षेत्रका भजनको विश्लेषण गर्दा यस ठाउँका भजनमा फरकफरक शैली पाइन्छन् । त्यहाँका भजनमा भेटिएका मुख्य शैली यस प्रकारका छन् : (१) वर्णनात्मक शैली (२) आत्मपरक शैली (३) आज्ञार्थकशैली (४) प्रश्नात्मक शैली ।

(ङ) रिभान तथा लाहाचोक क्षेत्रका भजनेहरूले पुराना भजन गाउन छाड्दै गएका छन् । पुराना लामा लामा भजन गाउने परिपाटी हट्दै गएको छ । त्यसैले यहाँ प्रचलित भजन लोप हुने स्थितिमा छन् ।

## ५.३ सुझाव

आधुनिक युगको प्रभाव र मानिसको व्यस्तताले यहाँका मानिसहरू ती पुराना भजन गाएर बस्नका निम्ति फुर्सदिला छैनन् । त्यसैले **रिभान तथा लाहाचोक क्षेत्रमा प्रचलित भजनहरू** लोपोन्मुख अवस्थामा छन् । यहाँका भजनलाई जोगाउन यहाँका भजने र समाजलाई प्रोत्साहित गर्नुपर्दछ । यस्तै यहाँ प्रचलित भजनलाई विभिन्न शीर्षकमा केन्द्रित भएर अध्ययन गर्नु पर्दछ । यस्तो भयोभने मात्र यहाँ प्रचलित भजनले निरन्तरता पाउने छन् ।

परिशिष्ट

## रिभान तथा लाहाचोक क्षेत्रमा प्रचलित भजनको सङ्कलन

### १ सगुण भजन

### १.१ गणेशको भजन

कोटीकोटी नमस्कार गणेश ज्यूको
पुकारौँ जय गणपति भगवानको
बक्रतुण्ड महाकाय हे गणेश भगवान्
दिन्दिन तिम्रै अटुट सेवामा लागोस् मन
चर्तुभुजा धारी एकदन्त गजानन्
दरिद्रहरी ऋद्धि सिद्धि मंङ्गलगान्
जय धुम्रकेतु लम्वोदर गणेशाय नम
आए भक्त तिम्रै शरणमा रक्षे गरन

### १.२ विष्णुको भजन

विष्णु भगवानकी जय
विस्वम्भर नरहरि छायौ मनमा
अन्धकार हटाइदेऊ ज्ञान छर जनमा
राधापति, लक्ष्मीपति जानकीका पति
हामीले तिम्रो भक्तिभावले पार तरौँ कति
हे नृसिंह अवतार रक्षा गर प्रल्हादको
बालकृष्ण बनेर नाश गर कंसको
नारायणीको जय
नरहरीको जय

## १.३ शिवभजन

### (क) शिव भजन–१

हे शिव जटाधारी, पार्वती तिम्री प्यारी
नागको माला, बागको छाला लाउनी
गणेश कुमार पुत्र प्रणाम गर्नी
गणेशको रुपै दियौ लम्बोदर धारणम्
विष भांग धतुरो रम्ने दिगम्बरम्
शिवशक्तिको लीला अपार
को बुझ्न सक्छ दुर्जनको संहार
त्रिशुल डमरु कमण्डलु त्रिनेत्र धारी
हे शिव जटाधारी शिरमा पार्वती प्यारी
शिव शक्तिको जय गाउन् सबैले

### (ख) शिवभजन – २

ॐ नम शिवाय
बोलाउनुभयो कैलाश पतिले
सवा लाख रोट चढाउने हाम्ले
बुझ्न सकेनौँ बुझ्नै सकेनौं यो गाह्रो जिन्दगी
भगवानले सिकायौ जिन्दगी जिउन ज्ञानरसले
ॐ नम शिवाय
अति कठिन थियो प्रभु अहङ्कारको बाटो
भक्ति रसमा चुर्लुम्म पऱ्यौ रिसरागको साटो
सधैँ तिम्रै भक्ति गर्ने कृपा पाइरहूँ प्रभु
शिव शिव यो मनले सधैँ गाइरहूँ प्रभु
ॐ नम शिवाय
सास रहेसम्म यो मनले तिमी भनी गाउँला
सँगै सँगै हात समाई सिद्धाश्रममा जाउँला

हाँस्न सकौँ नाच्न सकौँ सँधै गाउन सकौँ
कृपा भए प्रभुचरणमा सँधै आउन सकौँ
ॐ नम शिवाय

**(ग) शिव भजन – ३**

शिवजी कै जप मीठो उनकै भजन प्यारो
तिम्रै गला राम्रो गला माथि नाग राम्रो
नागराजको रुपै राम्रो शिर माथि मणि राम्रो
उनकै भजन प्यारो
तिम्रो जटा राम्रो जटामाथि गंगा राम्री
शिरै माथि मुकुट राम्रो त्यसैमाथि चन्द्र राम्रो
शिवजीको हातै राम्रो रामझोली चिम्टा राम्रो
उनकै भजन प्यारो
रुद्राक्षको माला राम्रो झुण्डमाला झनै राम्रो
तिम्रै बयल राम्रो नन्दी भृङ्गी कति राम्रो
खरानी शरिर राम्रो कम्मरमा बाघछाला राम्रो
उनकै भजन प्यारो
शिव बस्ने आसन राम्रो तिम्रो ठाउँ प्यारो
गाई जल अति राम्रो बेल पत्र झनै राम्रो
चढाइदिम्ला राम्रै तिमीलाई धतुर दाना राम्रै
उनकै भजन प्यारो

**(घ) शिव भजन – ४**

आए शिव भोले
बम् बम् बम् बम् गाउँदै
डमरु बजाउँदै
शिवशङ्कर भोले

डाक्छु भक्तिरसले

प्रणाम गर्दै

भक्ति रस देऊ

शरणमा लेऊ

बिन्ती गर्दै डाक्छु

भक्ति रसले कैलाशका भोलेलाई

त्रिलोचन, भस्माङ्गर,महेश्वर, दिगम्बरलाई

मन्दाकिनी, नन्दीश्वर प्रणयनाथ, चर्चित भन्नलाई

केदारेश्वर शिवजी बहुरुपै शरण लिनलाई

दक्षप्रजापति नाश निलकण्ठै शरण लिनलाई

यक्षरुपी जटाधारी खरानी घस्नीलाई

सती प्रति मोहित पागल हुनीलाई

सती दक्ष यज्ञ कुण्ड अग्निमा होमिन शिवकारले

काँधै उठाई लगे हा सती भनी शिवले

शिव सती बोकी जहाँ जहाँ टुक्रा खसिनाले

**(ङ) शिव भजन – ५**

शिरै लाउने चन्द्रमा नागको माला गलामा

शम्भु शिव कम्मरमा बाघको छालामा

कहिले शिव कैलाशमा कहिले उनी हिमालमा

कहिले उनी मनको मन मन्दिरमा

गंगामाता शिरैमा बाल गणेश काखैमा

ब्रहमाण्ड छ तिम्रै त्रिनेत्रमा

शिव चढे नन्दी, नन्दी तिन्को बाहन

मूसा चढे गणेश, मूसा तिन्को बाहन

मयूर चढे कुमार, मयूर तिन्को वाहन

महेश्वर, लम्वोदर कुमार फरक रुपी बाहन

जान्छन् जता पनि सवार भगवान
शिवजीको गलामा दुई जिब्रे नाग बन्थीमाला
उनकै कम्मरुमा टाटेपाटे बाघ बन्यो छाला
डिमिडिमी बज्यो डमरु सबैले सुन्यौ कि
बिहानीमा, सुन झुल्के बेलुकीमा चाँदी टल्के टल्ल
शिव शङ्कर विराजमान् हिमाल
गणेशजीलाई दुबो लड्डु पार्वतीलाई फूलमाला
गोदुग्ध शिवजीका जलधारा
तिनै जटाधारी  बस्ने कैलाश
केही नखाई तिमीलाई
हामी पनि कैलाशमा जाम्ला
हे शिव तिमीलाई तन दिएँ मन पनि दिएँ
पन्छी झैं उड्न नसक्ने भएँ
भोले बाबा लिन आउनु भएन
शिव भन्दा भन्दै सबै कता गए
शिव सती भनि चिच्याउँदै गए
डुल्दा डुल्दै शिव किराँती बन्दै आए
अब के भन्नी गंगा शिरै पार्वती कारणै भए
शिवरात्रीमा उखु भनी पोले
बिहानीमा धुलो भनी लाए
म भन्छु ॐ नम शिवाय
तिमीहरू भनन हरहर महादेवाय
शिव महिमा गान महान भए ।

## १.४ सूर्यभजन

सूर्योदय लाल लाल कोटीकोटी नमस्कार
तेजिलो डल्ला नि प्रकाश छरी उज्यालो पारी

कहीँ उज्यालो कहीँ अँध्यारो कोटी नमस्कार
दिनमा देखिन्छौ रातमा हराउँछौ नमस्कार
कोटीकोटी नमस्कार सूर्य भगवान्
हजुरकै कृपाले सारा शत्रु पखालिन्छ
हजुरकै आसिकले मनमन्दिरमा ज्ञानज्योती बल्छ
गौदुग्ध तिमीलाई नै हेरेर चढाउँछु नमस्कार
हे सूर्यश्री अब त सुखशान्तिमा दुःखै नगर
तिमी आकाशको म त पृथ्वीको नामै जुध्यो
नाम मिलेर के भो तिमीलाई हेर्न नसकिने नाङ्गो आँखो
लाली चढ्या देख्दा पूर्वमा डुब्न लाग्या देख्या पश्चिममा
दिनमा पोल्छौ सूर्य रातमा शितलता दिन्छौ चन्द्रमा
हरपल आउँछौ जान्छौ कोटीकोटी नमस्कार
तिम्रै शक्तिले प्राणी हित साइकलको चक्र हो नमस्कार
असङ्ख्या तारा नौ पिण्डमध्ये एक बलिरहन्छौ निरन्तर नमस्कार

**१.५ देवी भजन**

लच्छिमी दुर्गा सरास्वती मनकामना
देउन हाम्लाई दिन्दिन भक्ति भावना
त्रिशुल उठाई शुम्भनिशुम्भ मारेउ
दशैँका पशुपन्छी बलिकै शिर भोग लियौ
तिम्रा हातमा रहन्छ शक्ति अपार
को बुझ्न सक्छ र तिम्रो लीला अपार
जय देवी हात जोडेर नमस्कार गर्छु तिमीलाई
तिमी बिना हुँदैन संसार भलाइ
नाम त गोरखकाली जननी माता
अब त भक्त आए पन्चबली थाला
हे देवी ! दशैँमा नवरात्र गानागानामा

जमरा टिका अर्पण गर्छौं विजयादशमी
सुख, शान्ति मिलोस् है तिम्रै कृपाले
कोटी कोटी नमस्कार शुद्धै मनले

## १.६ कृष्ण भजन

### (क) कृष्ण भजन – १

आज मेरो सपनीमा बाँसुरीबाला आउनुभो
कृष्णजीले कस्तो मीठो धून बजाउनु भो
कृष्णजी पनि मुरली सँगै आउनु भो
उनलाई खोज्दै खोज्दै प्यारी राधा आउनु भो
आउनुभयो जमुनामा कृष्ण राधा सँगै
तैपनि गोपालको दही चोरी खानुभयो एक्लै
राधाजीलाई तलतल लाग्यो कृष्णले दिनुभयो
माइती जान्छु राधा मथुरामा भन्न लाग्नु भयो ।
मथुरामा दुष्टमामा कंश मामाले कुन काम
छिट्टै आउनु भने उनले जुन काम
तिम्रा मामा पापी छन् तिमीलाई मार्न
नजानु कृष्ण गोकुलबाट मथुरा सार्न
सातै बालक फालिसके दुष्ट कंशले
आठौँ तिमी नफालि भएन त्यसले
कृष्णजी भन्नु हुन्छ “केही हुँदैन ढुक्क भए भो”
एक्लै जाने होइन राधा “वलराम भए भो”
राधाजी भन्नु हुन्छ - “मन त बलियो परे भो”
सँगै जाने मथुरामा आँट आएभो
असुर मामाको नामै नलेउ कृष्ण नाम
लाल वाल कृष्ण जी वाल वलराम
कृष्णजी भन्नुहुन्छ - आमाको भाइ कंश हेर्न जाम

हामलाई भान्जा भनी फकाएपनि लड्न जाम
राधा जी भन्नुहुन्छ - हेर न मथुरामा पहलमान्
खोजी खोजी मार्न सक्ने तिनै बलवान्
राधाजीलाई भन्नु भयो कृष्णले
मेरा लीला अपार देखाउनी मनले
पहलमानलाई पछारे लछारे हात्ति मार्दिए
बाल कृष्ण बलरामले त छक्कै पार्दिए
साँह्रै अंहकारी मामा कंशको शेखि झारेर
फर्किए कृष्ण बलराम मामा मारेर

**(ख) कृष्ण भजन – २**

छानी छानी साधु मार्दैछन्
मथुराकै कंश मामा घोर अन्याय गर्दैछन्
छानी छानी साधु मार्दैछन्
नारायणले अवतार लिन्छन रे
दुष्ट जन्मे पृथ्वीलाई साह्रै दुःख दिन्छन् रे
नारायणले अवतार लिन्छन् रे
साधुजन बचाउनलाई
आए कृष्ण भूमार हर्नलाई
साधुजन बचाउनलाई
आए कृष्ण भूमार हर्नलाई
साधुजन बचाउनलाई
खेले कृष्ण वृन्दावनैमा
जन्मे मथुरामा हुर्के गोकुलमा
खेले कृष्ण वृन्दावनैमा
संसारलाई छक्कै पार्दियौ
बाल लीला देखायौ

भुसुना पुतना मर्दियौ
संसारलाई छक्कै पार्दियौ
गोपीनीलाई यसै भुलायौ
वृन्दावनमा गाई चरायौ
रास लीला देखायौ
गोपीनीलाई यसै भुलायौँ
मुरलीले पाऱ्यौ मोहनी
अघि अघि गाईबाच्छा पछि नि गोपीनी
मुरलीले पाऱ्यो मोहनी
कहिले कृष्णले मन चोर्दिनी
बाच्छाबाच्छी फुकाउनी
कहिले ठेकी फोर्दिनी
कहिले कृष्णले मन चोर्दिनी
सुदामाका खानी खायौ कनिका
धनी गरिब नभनिएका
सुदामाका खानी खायौ कनिका
आफ्नै भान्जा मार्ने भनेर
मथुरामा दिन गनेर
आफ्नै भान्जा मार्ने भनेर
सानै छँदा कृष्ण बालाले
कंश मारे पापी तारे सारा भूमार उतारे
सानै छँदा कृष्णवालाले
कृष्ण जन्माष्टमी भनेर
घुमिफिरी आउँछ दिन गनेर
म भन्छु कृष्ण भगवान
तिमी भन न हरे

कृष्ण भनी नाचन

## २ निर्गुण भजन

### २.१ मनका मणि

मनका मणि कहाँ पाई
फेरि यस्तो जनिम कहाँ पाई
आँठ काठको महल बनाए
तन गुणको गाह्रो लगाई
भित्रभित्र भक्त रजाए
बाहिरका रोगी दासले अग्नी जगाए
मनका मणि कहाँ पाई ?
फेरि यस्तो जनिम कहाँ पाई ? (भण्डारी, २०७१ : ६२-६३)

## ३ आरति भजन

### ३.१ दशमी आरति भजन

सुरुमा जय लम्बोदर गणेशकी आरति
सिँदुर, दुबो, माला
काली नागमणि शिरैमा बसेउ
नचाऊ आरति कृष्ण काला
आरतिकी जय जय अयोध्यापुरीका राम हुन् भने
तिमरै आरति जप्छौं हे ! परमप्रभु ।

दोसरी आरति हरि ! रामजी देवकी शान्ता
देवकी खुशी भई कम्सै मारा
आरति की जय जय दशरथपुत्र राम हुन् भने
तिमरै आरति जप्छौं हे ! परमप्रभु ।

तेसरी आरति हरि ! रामायणकी सगुण मनकै
गडुरासन विराजमान् रामकै लायकै
आरतिकी जय ! भरत विन्तीका राम हुन् भने
तिमरै आरति जप्छौं हे ! परमप्रभु ।

चौथीमा आरति हरि ! रामायणकी चारकुना पूजा
चारकुने नारायण, अरूकै होइन पूजा
आरतिकी जय ! धनुरधारी राम हुन् भने
तिमरै आरति जप्छौं हे ! परमप्रभु ।

पञ्चैमा आरति हरि ! कृष्णज्यूकी मङ्गलगाना
राधा रुक्मणी खटियै लाम्ला
आरतिकी जय ! कृष्ण मथुरा कै हुन् भने
तिमरै आरति जप्छौं हे ! परमप्रभु ।

षष्टम आरति हरि ! रामायणकी मङ्गलगाना
भन्छु म हरि हरि सबले भन राम राजा
आरतिकी जय ! राजाराम पराक्रमी हुन् भने
तिमरै आरति जप्छौं हे ! परमप्रभु ।

सप्तमी आरति हरि ! रामजी समिराकाती
बजाऔंला शङ्खघण्टै चढाम्ला तिर्पाती
आरतिकी जय ! वनवासा राम हुन् भने
तिमरै आरति जप्छौं हे ! परमप्रभु ।

अष्टमी आरति हरि ! रामज्यू अष्टमपत्तिदाता
धन्नमा तिमरो कोखिया माई
आरतिकी जय ! राम राज्य एक हुन् भने

तिमरै आरति जप्छौं हे ! परमप्रभु ।

नवौंमा आरति हरि ! राम तेरी गङ्गा मैली
नवनिधि गङ्गै राम मेरी चङ्गा रैली
आरतिकी जय ! शिव रूपै राम हुन् भने
तिमरै आरति जप्छौं हे ! परमप्रभु ।

दशमी आरति हरि ! राम तिमीलाई अघि लाम्ला
हरे हरे राम ! हरे राम ! तिम्रा पछि मै जाम्ला
आरतिकी जय ! दश अवतारकै एक हुन् भने
तिमरै आरति जप्छौं हे ! परमप्रभु ।

**३.२ रामको आरति भजन**

हिमाञ्चल कैलाशमा हरि ! रामज्यू एक जटाधारी
धन्नमा राम, लच्छुमन तागाधारी
दशरथकै हुन्  लाडप्यारे बेटा
आरतिकी जय जय राजाराम
जपम्ला आरति रामकै मनमोहै ।

सुन्थालीयामै हरि ! रामज्यू कपूरकी झलल बाती
लङ्काली राजा रावन मरे शून्य आधा राती
आरतिकी जय जय राजाराम
जपम्ला आरति रामकै मनमोहै ।

हर हर भक्तिका राम ! हामुकै रक्षो करेऊ
सन्ध्याकी आरति चमत्कार राजारामकी
आरतिकी जय जय राजाराम
जपम्ला आरति रामकै मनमोहै ।

तन्त्र मन्त्र जाने नजाने तिमरै पाउ परम्
आरतिकी जय जय राजाराम
जपम्ला आरति रामकै मनमोहै

## ४ खेली भजन

### ४.१ शिवसित सम्बन्धित खेली भजन

शङ्खै धुनी लाए
कैलासैमा शिवले

शिवको मन्दिर
कपूर बत्ती झलल

शिव मन्दिरैमा
माली गाईको जलधारा

शिव तिम्रै नाउँमा
झम झम बजे मुजुरा

सती देवी पाउन
छल गर्नु भो शिवले

चले महादेव
डमडम बज्यो डम्मरु

आए महादेव
कैला लटा हल्लाउँदै

आए महादेव
बज्न थाल्यो डमरु

शिव जटाधारी
कैले होला सवारी ?

शिवजीको नाउँमा
धूप दीप नैबेत

**४.२ रामसित सम्बन्धित खेली भजन**

बल्लै भयो भेट
सीताको र रामको
जूनको र घामको

रामको पैतालीमा
कदम फूल लेखेको
हिजै मैले देखेको

रामकै भजन गरी
जाओस् मेरो जिन्दगी
करिमले दिन्न कि ?

रामकै भजन गरी
जाओस् मेरो जिन्दगी
करिमले दिन्न कि ?

नाच श्री राम
झम्की पऱ्यो आँगन

ढोक खोल राम
भक्त आए मन्दिरमा

खोजी ल्यायौ सीता
पौरखी रैचौ हनुमान

कोई पनि छैनन् मेरा
राम जति पियारा

हरि भन्छु मैले
राम राम भन सबैले ।

जप हरि राम
मायाजालमा न भुल

यही हो रन भूमि
देख्यौ सीता जानुका

केही पनि छैनन्  मेरा
हेर राम रमिता

को बुझ्न सक्छ र ?
रामको लीला अपार

रामलाई वनवास
भरतलाई रजाइँ

जन्मै नदेऊ राम
यिनै दुःख हुन् भने

ढोका खोल राम
भक्त आए मन्दिरमा

रामलाई अगि लाम्ला
रामकै पछि मै जाम्ला

किन दिए दशरथले भरतलाई मेवा
रातिदिन क्यै नभनी रामले गरे सेवा
भरतलाई रजाइँ
रामलाई बनिवास
भरतलाई रजाइँ

### ४.३ कृष्णसित सम्बन्धित खेली भजन

लैजाऊ तिम्रो सारी
खै लेऊ मेरो मुरली

बोलाऊ बलरामलाई
नमारी भैन कंशलाई

कौंस अत्याचारी
कृष्णलीला बिहारी

### ४.४ हरिसित सम्बन्धित खेली भजन

कोही बोल्दैनन् हरि
मनमा पिर नपरी

कसले भन्छ हरि
मनमा पीर नपरी
मनमा पीर नपरी

कसले भन्छ हरि
मनमा पीर नपरी
बरबर आँसु नझरी

**४.५ गणेशसित सम्बन्धित खेली भजन**

पुजम् गणेशजीलाई
सिन्दूर, दूवो, फूलमाला

**४.६ ब्रह्मा,विष्णु र शिवसित सम्बन्धित खेली भजन**

हाम्रा परमेश्वर
ब्रह्मा, विष्णु, महेश्वर
ब्रह्मा, विष्णु, महेश्वर

उनै भगवान
ब्रह्मा, विष्णु, महेश्वर

**४.७ स्वर्गसित सम्बन्धित खेली भजन**

खोइ बाटो खनेको ?
स्वर्ग जानी भनेको

स्वर्ग जानी बाटो
न ढुङ्गा छ न माटो

लैजाऊ भगुवान
रसी समाई स्वर्गमा

जाम्ला बैकुन्ठैमा
नाच्दै गाउँदै बजाउँदै

### ४. ८ विविध विषयसित सम्बन्धित खेली भजन

अवश्य मरिन्च
चौरासीमा परिन्च

मनको ईश्वर चिन
बाहिर खोज्दै नहिन

कस्को के लाग्छ र ?
मायारुपी संसार

कोटी नमस्कार
देउता जति सबैलाई

तेत्तीसकोटी देउता
हेर्न आए रमिता

मरि जाने चोला
गाइदेऊ भजन के होला ?

झुल्के झललल
दर्शन दिन भगवान्

पुण्य बराबरी
भक्तलाई र कर्तालाई

सञ्जे आरती
कपूर बत्ती झलल

स्वर्ग जानी बाटो
न ढुङ्गा छ न माटो

कसले जान्या छ र ?
माया रूपी संसार ?

ईश्वर भगवती
मेरो भयो यै गति

अवश्य मरिन्छ
चौरासीमा परिन्छ

कस्को के लाग्छ र
मायारूपी संसार

कुन बाटो पैल्याउने
पापीलाई हटाउने

कोटी नमस्कार
देउता जति सबैलाई

तेत्तीसकोटी देउता
हेर्न आए रमिता

रामधुनी लाए
कैलासैमा जोगीले

बुटो बगैंचामा
फूल टिपेर मन्दिरमा

उँधै सललल
गङ्गाजल निर्मल

## ५ नाम कीर्तन

### ५.१ राम र कृष्णको कीर्तन

हरे राम हरे राम राम राम हरे हरे

हरे कृष्ण हरे कृष्ण, कृष्ण कृष्ण हरे हरे

### ५.२ राधा र कृष्णको कीर्तन

राधे श्याम राधे श्याम, श्याम श्याम राधे राधे

राधे कृष्ण राधे कृष्ण, कृष्ण कृष्ण राधे राधे

### ५.३ नारायणको कीर्तन

नारायण श्रीमन् नारायण नारायण

नारायण श्रीमन् नारायण नारायण

### ५.४ देवी कालीको कीर्तन

जय काली जय देवी काली

जय काली जय श्री काली

### ५.५ दुर्गा देवीको कीर्तन

जय दुर्गे जय दुर्गे

शङ्कट नासिनी जय दुर्गे

### ५.६ शिवको कीर्तन

जय शम्भो जय शम्भो

गौरीशङ्कर जय शम्भो

## ६ प्रभाती भजन

### ६.१ बिन्दुवासिनी देऊ न

बिन्दुवासिनी देऊ न दर्शन घर जानी

पूर्व कालीका देवी पश्चिममा मालीका

दुर्गा भवानीको दर्शन पाऊँ

बिन्दुवासिनी देऊ न दर्शन घर जानी

उत्तरमा हिमालय दक्षिणमा भारत
काली भवानीको दर्शन पाऊँ

विन्देवासिनी देऊ न दर्शन घर जानी
आकाशैमा जुनैजुन
चन्द्र, सूर्यको दर्शन पाऊँ

बिन्दुवासिनी देऊ न दर्शन घर जानी
मनोकाङ्क्ष पूरैपुरा
लाख लाख दर्शन पाऊँ

हे ! बिन्दुवासिनी माता
विदा देऊ है अबता
उज्यालो भैसक्यो
असली रात गैसक्यो

## ७ लम्बरी भजन

### ७.१ नमो नमो हरि

नमो नमो हरि हरि नमो नमो
कैलाशका शंकरजीलाई नमो नमो
हे यति बिन्ती लेऊ
प्रभु कैलाशका शंकरजीले
यति बिन्ती लेऊ
आजैका करितालाई वरदान देऊ

नमो नमो हरि हरि नमो नमो
हे बैकुण्ठका विष्णुजीलाई नमो नमो
यति बिन्ती लेऊ प्रभु
बैकुण्ठमा विष्णुजीले

यति  विन्ती लेऊ
आजका करितालाई वरदान देऊ

नमो नमो हरि हरि नमो नमो
सृष्टिकर्ता ब्रह्माजीलाई नमो नमो
यति बिन्ती लेऊ
सृष्टीकर्ता ब्रह्माजीले
यति बिन्ती लेऊ
आजका करितलाई वरदान देऊ

नमो नमो हरि हरि नमो नमो
विध्नहर्ता गणेश ज्यूलाई नमो नमो
यति विन्ति लेऊ
विघ्नहर्ता गणेशजीले यति बिन्ती लेऊ
भक्त र करितालाई दरिसन देऊ

**८ चुड्का भजन**

हे हरि हे हरि मनमा छैन थिर
दुई दिनको जिन्दगीमा नलेऊ मनमा पीर

हरि बोल हरि बोल बोल हरि बोल
मुकुन्द माधव गोविन्द बोल

हे हरि हे हरि भैँमा झरन
आपत पऱ्यो हामीलाई रक्षा गर न

मुर्छा परे लक्ष्मण भनी
रामजी रुनुभो
मयाँलु हातले हे भाइ भनी

गलामा छुनुभो

नआउनी किन हो ?
नआउनी किन हो ?
गोकुलका कृष्णजी
नआउनी किन हो ?

जपम् हरिलाई
जपम् हरिलाई
एक दिन हैन, दुई दिन हैन
सधैँभरिलाई

जपम् हरिलाई
जपम् हरिलाई
यो जिन्दगीभरिलाई
जपम् हरिलाई

बाँचुन्जेल तेरोमेरो, भन्नी हामी हो
मर्नी बेला भैसक्यो, के पो लानी हो ?

बसे ब्रह्माजी
कमलफूलैमा
राधाकृष्ण गोपिनी
नाचे झुलैमा

सुते विष्णुजी
जलनागैमा
कैलाशैमा शिवजी
सुते जाडैमा

असारमा एकादशी, कात्तिकमा दान
स्वर्ग जानी बाटो खुल्छ, जप्नू रामको नाम

कति सुहायो
कति सुहायो
बग्को छाला नाग्को माला
कति सुहायो

कति सुहायो
कति सुहायो
शिवजीलाई पार्वती
कति सहायो

कति सुहायो कृष्ण
कति सुहायो
बाँसुरी र शिरमा मुकुट
कति सुहायो

कति सुहायो
मुकुटमा चन्द्रमा
कति सुहायो

कति सुहायो
कम्मरुमा डम्मरु
कति सुहायो

भुल्न सक्तिन
भुल्न सक्तिन
आत्मारूपी भगवानलाई

भुल्न सक्तिन

हाम्रो जिन्दागानी
हाम्रो जिन्दगानी
नाङ्गै आयो, नाङ्गै गयो
अरू के लानी ?

धनसम्पती छोरानाति छोडी जानी हो
त्यै पाप र पुन्नेलाई सँगै लानी हो ।

पृथिबीमा जन्मेको कर्म गर्नलाई
भजन कीर्तन गर्ने हो स्वर्ग तर्नलाई

आऊ न कृष्ण बसन
हाम्रो मनैमा
नजाऊ कृष्ण हाम्लाई छोडी
वृन्दावनैमा

पुराणमा पुरुषोत्तम हो कृष्ण तिम्रो नाउँ
तिम्रो भजन गाउँदै नाच्दै बैकुन्ठमा जाऊँ

कृष्णजीको मुरली आधी डढेछ
त्यै मुरली राधिकालाई मनै परेछ

जन्मे कृष्ण जी
आधी रातैमा
शङ्ख, चक्र, गदा, पद्म
लिए हातैमा

जै जै बेदमाता जै जै गायत्री
जै जै सरस्वती जै जै सावित्री

ए हरि ! ए हरि ! तल झरन
आपत् पऱ्यो हामीलाई रक्ष गरन

ए कृष्ण भगवान् ! तिमी कहाँ छौ ?
जमुनामा गोलेनीको वस्त्र लुकाउँछौ

कौंसको दर्बारमा रक्षक थरर
कृष्णजीको मथुरामा भन्डा फरर

दिन दिन राम नाम जपें मैले नि
जप्दा जप्दै कैले होला पार लाउने नि

सत्य कर्म गऱ्यौ भने पार तरिन्छ
असत् कर्म गऱ्यौ भने नर्क परिन्छ

कृष्ण झुला गाइरहनु होला
फेरि फेरि भन्दैमा भन्दैमा
पाइँदैन यो चोला

शिव शंकर भोला
तिम्रै पऱ्यौं शरणमा
रक्षा गर्नुहोला

दीनदुखीको सेवा गर्नु हाम्रो कर्म हो
जगतको भलो गर्नु हाम्रो धर्म हो
मुर्छा परे लच्छुमण भनी रामजी रुनु भो

मायालु हातले हे भाइ भनी गाला छुनु भो

उनै शिवजीको
बाघको छाला नागको माला
उनै शिवजीको

शिव शंकर भोला
दर्शन दिए के होला ?
बित्नै लाग्यो यो चोला

चले महादेव
डिमडिम बज्यो डम्मरु
चले महादेव

दच्छे प्रजापतीका तेत्तीसकोटी कन्ने
सबैभन्दा जेठी छोरी सत्तेदेवी भन्ने

पऱ्यो रामलाई
पऱ्यो रामलाई
चौध वर्ष वनवास जान
पऱ्यो रामलाई

छोड्न हुँदैन, छोड्न हुँदैन
धर्मकर्म कहिल्यै पनि
छोड्न हुँदैन
भाद्र महिना कृष्ण पक्ष अष्टमीको रातमा
भगवानको अवतार भयो मध्ये रातमा

राम भन न, श्याम भन न
बिन्द्रावनमा मुरली, बज्यो घनन

सेवा गर न सेवा गर न
मतापिता गुरुको
सेवा गर न

खुट्टाले गर्नू तीर्थब्रत, हातले गर्नू दान
मुखले जप्नू हरिको नाम, आत्मामा लिनू ज्ञान
जिउँदै मलाई बैकुन्ठ
लैजाऊ भगुवान
जिउँदै मलाई बैकुन्ठ

**सन्दर्भकृति**


गौतम, श्रीकृष्ण (२०२४), “गुल्मीको लोकगीत” ***रूपरेखा*** (वर्ष २७, अङ्क २, पूर्णाङ्क ७३), पृ.४३ -४८ ।

ढकाल, इन्द्रमणि(२०७०),***सतौं क्षेत्रमा प्रचलित भजनहरुको सङ्कलन र अध्ययन*** (स्नातकोत्तर अध्ययनपत्र) पोखरा : नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

ढुङ्गाना, रामजीप्रसाद (२०६२), ***पुलाक्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण*** (स्नातकोत्तर शोधपत्र), पोखरा : त्रि.वि. नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

ढुङ्गाना,शोभा (२०६९), ***थप्रेक क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण*** (स्नातकोत्तर शोधपत्र), पोखरा : त्रि.वि. नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

थापा, दिनबहादुर (२०५०), ***गलकोट क्षेत्रमा प्रचलित लोकगीतहरूको सर्वेक्षण र अध्ययन*** (स्नातकोत्तर शोधपत्र), काठमाडौं : त्रि.वि. नेपाली केन्द्रीय शिक्षण विभाग ।

थापा, धर्मराज र अन्य (२०४१), ***नेपाली लोकसाहित्यको विवेचना,*** काठमाडौं : त्रि.वि., पा.वि.के. ।

न्यौपाने,कुसुमाकर (२०६०), ***धवलागिरि अञ्चलमा प्रचलित लोकगीत : एक अध्ययन*** (लघु अनुसन्धान), काठमाडौं : विश्वविद्यालय अनुदान आयोग ।

.................. (२०७०), ***नेपाली लोकगीत,*** पोखरा : फिस्टेल पब्लिकेसन प्रा.लि. ।

.................. (२०६६), ***पश्चिमाञ्चल क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरूको अध्ययन*** (शोधप्रबन्ध), काठमाडौं : त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय ।

.................. (२०४४) ***पैयुँखोले लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण*** (स्नातकोत्तर शोधपत्र) काठमाडौं : त्रि.वि. नेपाली केन्द्रीय शिक्षण विभाग ।

.................. (२०५५), ***पोखरेली गाइने जातिमा प्रचलित लोकसाहित्यको अध्ययन*** (लघु अनुसन्धान), काठमाडौं : महेन्द्र संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र ।

पराजुली, कृष्णप्रसाद (२०५७), ***नेपाली लोकगीतको आलोक,*** काठमाडौं : वीणा प्रकाशन ।

पोखरेल,बालकृष्ण र अन्य(२०६०), ***नेपाली बृहत् शब्दकोश,*** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल,शिवप्रसाद(२०६०), ***आँधीखोले भजन चुड्काहरूको सङ्कलन र विश्लेषण,***(स्नातकोत्तर शोधपत्र) पोखरा : नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

पौडेल, जीवनाथ (२०६२), ***पैयुँखोले भजनहरूको सङ्कलन र अध्ययन,*** (स्नातकोत्तर शोधपत्र) पोखरा : नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

बन्धु चुडामणि (२०५८), ***नेपाली लोकसाहित्य,*** काठमाडौं : एकता बुक्स प्रकाशन ।

भन्डारी, पिताम्बर (२०७१), ***पोखरेली लोकभजनहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण*** (स्नातकोत्तर शोधपत्र) पोखरा : त्रि.वि., नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

मल्ल, राधिका (२०५८), ***म्याग्दी जिल्लामा प्रचलित लोकगीतको अध्ययन*** (स्नातकोत्तर शोधपत्र), काठमाडौं : त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

सापकोटा, कृष्णप्रसाद (२०६५), ***चिलाउनेवास गा.वि.स.मा प्रचलित भजनको सङ्कलन र अध्ययन,*** (स्नातकोत्तर अध्ययनपत्र) पोखरा : त्रि.वि., नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।